
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बुलेटिन ७, वर्ष २

# अर्हत

बुद्ध सम्वत् २५५६ वि.सं. २०६९ चैत १४ | ने.सं. ११३३ चिल्लाथ्व फागु पूर्णिमा



दोलखा जिल्लाको भिमेश्वर नगरपालिकास्थित चैत्य



# पूर्व तयारी कक्षा सुरु !

शैक्षिक सत्र २०७० को लागि पूर्व तयारी कक्षा सुरु हुँदैछ । दुई वर्षमाथिका आफ्ना नानीहरुको लागि सीट सुरक्षित राख्नुहोला ।

## हाम्रा विशेषताहरू

- २० विद्यार्थीका लागि २ शिक्षिका र १ आयाको व्यवस्था
- सन्तुलित दिवा खाजाको व्यवस्था
- पूर्ण अङ्ग्रेजी माध्यमबाट पढाइ हुने
- पर्याप्त खेलौनाको व्यवस्था ।
- स्वच्छ, शान्त वातावरणमा अध्यापन गराइने





# वागीश्वरी
## उच्च माध्यमिक विद्यालय

च्याम्हासिंह, कमलविनायक, भक्तपुर -१, ६६२०२७०, ६६१४३९१, ६६१३०४१, ६६१०२

# अर्हत

वर्ष २ | बुलेटिन ७ | नेसं ११३३ चिल्लाथ्व फागु पुर्णिमा | शक सं. १९३४
२०६९ चैत १४ | बुद्ध सं. २५५६

सम्पादन / प्रकाशन
**बौद्ध दर्शन अध्ययन समाज**
भक्तपुर

विशेष सहयोगी
गोपीकृष्ण प्रजापति

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
सिद्धिगणेश अफसेट प्रे.। इनाचो भक्तपुर
फोन – ६६१४७९३

सहयोग रु. २०।–

अर्हतलाई बौद्ध साहित्यहरु दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरुमा अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

## प्रकाशकीय

हाम्रो पुर्खाले सिर्जिएका ऐतिहासिक मठ–मन्दिर, चैत्य, विहार, महाविहार र गुम्बाहरु आदि नेपालीका सम्पदा हुन् । ती सम्पदाहरुमाथि हिन्दू र बौद्ध धर्ममा आस्था राख्ने सबै मान्छेहरुले समान श्रद्धा राख्छन् । यो नेपालीहरुको धार्मिक सहिष्णुता हो । यसलाई हामीले दिगो बनाउनुपर्छ, दिगो बन्दै जानेछ ।

ती ऐतिहासिक सम्पदाहरु विभिन्न समयमा आएका प्राकृतिक प्रकोपबाट धेरै संख्यामा नष्ट भएर गएका होलान् । त्यसको तथ्यांक सम्बन्धित निकायहरुमा पनि होला । ती नष्ट भएका सम्पदाहरु क्रमशः पुनःनिर्माण तथा जीर्णोद्धार हुँदै जाने आशा र विश्वास गर्दछौं ।

सम्बन्धित निकायहरुले मठमन्दिर मात्र जीर्णोद्धार गर्नु तर चैत्य र विहार जीर्णोद्धार नगर्नु, साम्प्रदायिक भावना हो ।

त्यस्तै मठमन्दिर मात्र जीर्णोद्धार गरेको देख्नु चैत्य, विहार तथा महाविहार जीर्णोद्धार गरेको नदेख्नु पनि साम्प्रदायिक भावना नै हो । त्यस्तो गलत भावनाबाट हामी जोगिनुपर्दछ ।

हामीले भत्केका तथा जीर्ण अवस्थामा पुगिसकेका केही मठ–मन्दिर चैत्य तथा विहारहरु पुनः निर्माण भइसकेको पनि देख्छौं । तर ती जीर्णोद्धार भइसकेका सम्पदाहरुबाट केही व्यक्तिहरुले व्यक्तिगत फाइदा उठाइरहनु के उचित होला र ? साथै के हामी धार्मिक साम्प्रदायिकता निम्त्याउन चाहने खराब व्यक्तिहरुबाट सतर्क हुनुपर्दैन र ? अस्तु ।

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै छोड्ने शील राम्ररी पालन गर्छु ।

*श्री महामञ्जुश्री गुरु गुठी संस्थानको गोजी पात्रोबाट साभार*

# बुद्धं झीत धया विज्यात - ४

**• चन्द्रबहादुर उलक**

*स्वर्ग-नर्कया विचा: मयाये*
*मदैगु वस्तु द्द मघाये,*
*मां-बौया अर्ती छ्याकुने तया*
*पिण्ड ज्वारांजक श्राद्ध गाथे याये ?*

*थ: जक भिं कत: मभिंगु*
*स्वँ नं झीसं गवलें मल्हाये,*
*म्ह फस्वयवं स्वँ फस्वैम्ह*
*मनू गवलें झी मजुये।*

*मनूम्ह पतिं स्वँ नं महिइके*
*ल्वापुया पुसा नं मतये,*
*थ: थ: दथी ल्वापु थयेका*
*धौ बजी झीसं गवलें मनये।*

*बुद्धं झीत धया बिज्याथे-*
*चित झीगु शुद्ध याये,*
*यानागु द:सा पाप झीसं*
*प्रायश्चित याना शुद्ध जुये।*

## दुःखबाट मुक्ति कसरी ?

'बुद्ध शिक्षानुसार परम सुख त निर्वाण हो । निर्वाण प्राप्त गर्नका लागि मुक्त हुन सक्नुपर्छ । आफूले कसैलाई उपकार गरेको छ भने पनि यस विषयलाई बारम्बार सम्झी मैले यसरी उपकार गरें भनी घमण्ड गर्ने बानीबाट मुक्त हुनुपर्दछ किनभने धर्मकार्य नाम कमाउनको लागि गरिने कार्य होइन । कसैले आफ्नो निन्दा उपहास गरेको छ भने पनि त्यसलाई बिर्सन सक्नुपर्दछ । पुरा नै निष्कलंक जीवन बिताउन सकेमा मात्र निर्वाण प्राप्त हुनेछ । अर्को भाषामा दुःखबाट मुक्त हुन सकिनेछ ।'

*- मानिसलाई असल बनाउने बुद्ध शिक्षा*

# असल मानिस बन्ने कि विद्वान ?



✍ **भिक्षु अश्वघोष**

धेरैजसो व्यक्तिलाई विद्वान बन्ने इच्छा रहेको हुन्छ । त्यसरी नै असल मानिस बन्न नचाहने को होला र ? तर चाहेर पनि के गर्नु ? परिस्थिति र आफ्नो मनमा भर पर्ने कुरा हो यो । बुद्ध शिक्षाअनुसार पनि पहिला पढी लेखी विद्वान बन्न आवश्यक छ र त्यसको साथसाथै असल मानिस बन्न अति जरुरी छ । हरेक आमाबाबुको मनमा पनि आफ्ना छोराछोरीहरु पाठशालाहरुमा गई पढी लेखी असल मानिस बनी ठूलो विद्वान पनि हुन सकोस् भन्ने इच्छा रहेको हुन्छ । तर धेरैजसो विद्यार्थीहरुको मनमा पाठशाला गई पढ्नुको उद्देश्य केवल ठूलो मानिस बनी जागिर र मान पदविले विभूषित हुन आशा रहेको देखिन्छ । असल र इमानदार बन्नुपर्दछ भन्नेतर्फ भने त्यति ध्यान गएको देखिँदैन । त्यसैले धेरैजसो व्यक्तिहरु जागिर पाउनुको साथै ठूलो धनराशीको मालिक बन्ने लोभमा फस्न पुग्दछन् यसको फलस्वरुप जतातत्तै भ्रष्टाचार र रकम हिनीमिना गरेको आरोप लागेको समाचार समय समयमा सुन्न परिरहेको छ ।

यस अर्थमा हामी विद्वान बन्नुको साथसाथै असल मानिस बन्नको लागि त्यतिकै प्रयत्नरत रहन जरुरी देखिन्छ । अर्थात् तराजुमा राखी तौलँदा खेरी दुवैतर्फ बराबरको तौल रहेजस्तै विद्वान बन्नको लागि र असल मानिस बन्नको समान रुपले मेहनत गर्न अत्यावश्यक छ । यसरी दुवै क्षेत्रमा दखल बन्न सकेको व्यक्तिले मात्र समाजमा सम्मान पाउन योग्य असल व्यक्ति बन्न सफल हुनेछ ।

बुद्ध शिक्षाअनुसार पढ्नु, विद्वान र शिक्षित हुनु नै असल मानिस बन्नको लागि हो । पढि सकेपछि मानिसहरुमा विवेक बुद्धि जागृत हुनुपर्दछ । अनिमात्र उसमा ज्ञानको माध्यमद्वारा राम्रो नराम्रो, खराब असल छुट्याउन सक्ने क्षमता हुनेछ । नराम्रो काम र कुरा गर्दा त्यसको परिणाम र प्रतिफल नराम्रो नै हुन्छ र राम्रो कामको फल राम्रो नै हुन्छ भन्ने विषयमा ज्ञान हुनेछ । नराम्रो काम गर्ने बेला अरुले के भन्ला भनी लाज र भय उत्पन्न हुनेछ ।

बुद्ध शिक्षाअनुसार विद्वान मानिसहरुमा घमण्डी स्वभाव हुनुहुँदैन । अरुको शीर झुकाउने र शोषण गर्ने काम विद्वान वर्गले गर्दैन । उ विश्वासपात्र र कर्तव्यपरायण हुनेछ । अहंकारी र जिद्दिवाल हुनेछैन । अरुको र आफ्नो भलो हुने काममा कहिले काहीं जिद्दिवाल बन्नुपर्ने अवस्था पनि आउन सक्छ । त्यो अर्कै कुरा हो । बुद्ध भन्नुहुन्छ -फल फलेको रुख झुक्छ । फल नफलेको रुख ठाडो हुन्छ । अर्को अर्थमा भन्ने हो भने विद्वान व्यक्ति नरम स्वभावको हुन्छ, मिलनसार हुन्छ, इमानदारी हुन्छ र उ आफ्नो गल्ती महसुस गर्ने स्वभावको हुन्छ । विद्वान र असल स्वभावको मानिसले आफ्नो घरायसी काम गर्न हिच्किचाउँदैन । उ काम गर्नमा पछि हट्दैन । काम गर्न पाउँदा यसलाई आफ्नो इज्जत बढेको महसुस गर्छ ।

तर आजभोलि कतिपय व्यक्तिहरु पढ्न लेख्न जानेपछि भोकै बस्न परे पनि मामुली कामहरु गर्न चाहँदैनन् । कसैले भान्छाको काम र भाँडो माझ्ने काम गरेको देख्ने बित्तिकै साथीहरुले 'यस्ता नीच काम पनि गर्ने ? तिमीजस्तो पढेलेखेको मान्छेले ?' भन्दै गिल्ला गरी हँसिउठाउने गर्छन् । अनि साथीभाईहरुले गिजाउने डरले नै काम गर्न पछि हट्ने व्यक्तिहरु पनि नभएका हैन । जबसम्म हाम्रो समाजमा यस्तो वातावरण रहिरहन्छ,

तबसम्म यहाँ विद्वान बन्ने व्यक्तिहरुले असल मानिस बन्ने मौका पाउन सक्दैन । तर हामीहरुमाझ मधेसीहरु आएर पुराना थोत्रा कागज, प्लाष्टिक, फलामे टुक्रा आदि बटुलेर पैसा कमाउँदै आफ्नो देशमा पठाइरहेका छन् । उनीहरुलाई के को लाज ? पैसा आए पुग्छ ।

अब विद्वान व्यक्ति कसरी असल मानिस पनि बन्दोरहेछ त भन्ने विषयमा भारतस्थित बम्बइमा घटेको एउटा घटनात्मक उदाहरण प्रस्तुत गर्दैछु ।

B.A. परीक्षा उत्तीर्ण भइसकेको एकजना नवयुवक विद्वान व्यक्ति परिस्थितिवस बेरोजगारी बनेछ । उ कामको लागि बम्बई पुगेछ । त्यहाँ एकजना ठूलो व्यापारी साहुको घरमा गई कामको लागि सोध्न पुग्यो ।

त्यही क्रममा साहुले सोध्यो-'के काम गर्नसक्छौ तिमीले ?'

नवयुवक- 'जे काम पनि गर्न तयार छु ।'

उसले आफू B.A. तहको शिक्षा उत्तीर्ण भइसकेको कुरा बताएन ।

त्यसैले साहुजीले उसलाई अनपढ युवक ठानी घर सफा सुग्घर पार्ने, जुठो भाँडा माझ्ने कामको जिम्मा दिएछ । उसले खुशीसाथ ती सबै काम गर्दै गए । उसले यी कामहरु मन लगाएर खुब मेहनत साथ सम्पन्न गर्‍यो । उसको लक्ष्य नै राम्ररी काम गरी साहुजीलाई खुशी पार्नु थियो ।

एकदिन फोहर कसिंगरहरु बढारिरहँदा ती फोहरहरुमा फालिएको एउटा चिठ्ठी टिपेर उसले पढिरहेको थियो । यो दृश्य साहुजीले देखेछ र अचम्म मान्दै सोधेछ -'तिमीलाई अक्षर पढ्न पनि आउँदो रहेछ नि क्याहो ?,'

युवकले उत्तर दियो 'अलि अलि आउँछ ।'

फेरि अर्को दिन उसले आफ्ना आमाबुबालाई चिठ्ठी लेखिरहेकै अवस्थामा साहुजीले संयोगवस देखेर पछाडि उभिएर हेरिरहेको रहेछ । साहुजीले महसुस गर्‍यो -'त्यो युवकको अक्षर राम्रो छ, बोलीवचन राम्रो रहेछ ।'

त्यसैले साहुजीले भन्न थाल्यो -

'अरे ! तिम्रो अक्षर र बोलीबचन पनि खुब राम्रो रहेछ । तिमी अरु कामदारहरु भन्दा ज्यादै सुशिक्षित, इमानदार र भलाद्मी छौ । बाहिरबाट मेरो थुप्रै सामानहरु झिकाउनु छ । यो नमुनाको सामान पठाइ दिनु भनी मेरो थोक व्यापारी साहुसमक्ष एउटा चिठ्ठी पठाउनु छ । त्यसको लागि मिल्ने गरी एउटा चिठ्ठी लेखिदेऊ न ।'

युवकले साहुजीको कुरा मानी राम्रो र शिष्ट भाषामा चिठ्ठी लेखिदियो । चिठ्ठीअनुसार सामान पनि बढी नै प्राप्त भयो र बेलैमा सामान आइपुगेछ । यस घटनाले त साहुजी ज्यादै प्रसन्न भएछ र उसले खुसी हुँदै त्यस युवकलाई भन्यो -'अब तिमीले बढार्ने र भाँडा माझ्ने काम गर्न पर्दैन । तिमी अब खजाञ्ची पदमा बढुवा भयौ । मेरो पुरानो खजाञ्ची त्यति विद्वान छैन । त्यसैले उसलाई अब अर्कै काम दिनेछु ।'

यति भनी साहुजीले नयाँ कामदारको प्रमोशन गरिदियो भने पुरानो कामदारको काम गर्ने क्षमतानुसार डिमोशन गरिदियो । यसको फलस्वरुप पुरानो कामदारलाई इर्ष्याको आगोले पोल्न थाल्यो । उसले नयाँ कर्मचारीलाई बदला लिने नियतले काम गर्न थाल्यो । उता नयाँ खजाञ्ची अर्थात् त्यस युवकले नयाँ लुगा लगाई खजाञ्ची पदमा रही काम गर्न पाएकोमा अनायासै घमण्डी र अहंकारी स्वभाव चढ्न थाल्यो । जब आफूमा विस्तारै अहंकारी आउन थाल्यो, तब त्यस युवकले आफूले आफैलाई सम्झाउन पुगेछ- 'तँ किन अहंकारी बन्दै छन् ? पहिला तँ कस्तो अवस्थामा यहाँ आइपुगिस् बिर्सौ ? यसरी नै बेहोसी बन्दै घमण्ड गर्छस् भने एकदिन त नराम्ररी खस्नेछस् ।'

यसरी आफूले आफैलाई होस् दिन सकेपछि त्यस युवकले आफूले अफिस जान अगावै पहिला आफूले लगाएर आएको झूत्रो लुगा र थोत्रो जुत्ता एउटा बाकसमा राखी त्यसलाई नमस्कार गर्दै आफ्नो पहिलाका दयनीय अवस्था स्मरण गरी कार्यालय जाने गर्‍यो । उसले पहिलाको आफ्नो झूत्रो लुगा र थोत्रो जुत्तालाई बाकसमा सुरक्षित राखेको थियो । यसरी हरेक दिन कार्यालय जानु

अघि कोठाको ढोका बन्द गरी आफ्नो पुरानो लुगा र जुत्ता दर्शन गरी नमस्कार गर्ने चलन बसाल्न थाल्यो । यो घटनालाई पुरानो खजाञ्चीले कोठा बाहिर बसी ढोकानेर कान थापी सुनिरहने गर्न थाल्यो । नयाँ खजाञ्चीले कोठाको ढोका थुनी भित्र बाकस खोलेको शब्द र बन्द गरेको आवाज सुन्दै उसले मनमनै अनुमान गर्न थाल्यो - 'त्यो नयाँ खजाञ्चीले अवश्य पनि अफिसको रकम हिनामिना गरी पैसा गन्दै बाकसभित्र राखेको हुनुपर्छ ।'

यति अनुमान गरी ऊ हड्बडाउँदै साहुसमक्ष गई यसरी चुकली लगाउन पुग्यो -

'साहुजी ! तपाईंले कहाँ कहाँको मानिसलाई विश्वास गर्दै खजाञ्ची पदमा राखी काम गराउनुभयो । तर त्यो मानिस अलि ठीक देखिँदैन है । उसले अफिसको रकम हिनामिना गरेको देखिन्छ । मेरो कुरा पत्याउनुहुन्न भने साहुजी आफैं गएर त्यो खजाञ्चीको कोठा अगाडि गएर चेवा लिनु भए पनि हुन्छ । उसले अफिस जानु अगाडि आफ्नो कोठाको ढोका बन्द पारी भित्र बाकस खोल्ने बन्द गर्ने काम गरिरहन्छ ।'

यी कुरा सुनी साहुजीको मनमा चिसो पस्यो । अलि अलि शङ्का लाग्न थाल्यो । तैपनि यो कुरो ठीक हो होइन बुझ्नको लागि खजाञ्चीको कोठा अगाडि चेवा लिन गयो । अफिस जानुअघि खजाञ्चीको कोठाको ढोका बन्द नै थियो । भित्रबाट चुकुल लगाएको थियो । शङ्कालु साहले ढोका खट्खटाउन पुग्यो । खजाञ्ची युवकले ढोका खोलिदियो ।

साहुजीले सोध्यो -'के गरिरहेको ?'

खजाञ्ची -'केही पनि होइन साहुजी ।'

साहुजी -'बाकस खोल त ।'

खजाञ्ची आफ्नो बाकस खोलेर देखाइ दियो । साहुजी खजाञ्चीको बाकसभित्र झूत्रो लुगा र थोत्रो जुत्ता एक जोरमात्र देख्यो ।

यो देखि साहुजीले खजाञ्चीलाई सोध्यो -'तिमीले अफिस जानु अगाडि दिनहुँ ढोका बन्द गरी कोठाभित्र के गरिरहन्छौ ?'

खजाञ्चीले भन्यो - 'हजुरले मलाई जागिरमा प्रमोशन दिलाइदिनुभयो । त्यसैले गर्दा ममा थाहा नपाउने गरी घमण्ड चढ्न थाल्यो । त्यही घमण्डलाई दबाउनको लागि मैले दिनहुँ म पहिलेको कुन अवस्थामा यहाँ आइपुगेको थिएँ, त्यस अवस्थाको सम्झना ताजा राख्नको लागि मेरो यो पहिलाको झुत्रो लुगा र थोत्रो जुत्ताको दर्शन गर्ने गर्थें । जब यो लुगा दर्शन गर्थें तब मेरो यो घमण्ड विस्तारै सेलाएर जाने गर्थ्यो । यो कार्य मेरो लागि नित्य कर्म हुन थाल्यो । त्यसैले अफिस जान अगाडि मैले कोठाको ढोका बन्द गरी मेरो यो बाकस खोली यो कार्य गर्ने गर्छु ।'

नयाँ खजाञ्चीको मुखबाट यस्तो कुरा सुनी साहुजी जिल्ल परिरह्यो । ऊ नयाँ खजाञ्चीको विद्वान र असल बानी व्यवहारबाट प्रभावित भयो । निर्दोष खजाञ्चीप्रति नराम्रो आरोप लगाई चुक्ली लगाउन आउने पुरानो खजाञ्चीको दुष्ट र अशिष्ट स्वभाव सम्झँदै मुर्मुरिन थाल्यो ऊ । अनि नयाँ खजाञ्चीलाई प्रशंसा गर्दै त्यहाँबाट हिँड्यो ऊ । त्यहाँबाट निस्केर पुरानो खजाञ्चीसमक्ष गई उसलाई गाली गर्दै भन्न थाल्यो -

'ए, तँ त कति नीच रहेछस् । कति खुम्चिएको र संकुचित मन रहेछ हँ तेरो ? तँ त खराब र दुष्ट स्वभावको रहेछस् । तर यो नयाँ खजाञ्ची त तेरो अगाडि धेरै उच्च स्वभावको असल मानिस र विद्वान पनि रहेछ । B.A. पास गरिसकेको व्यक्ति नै भन्न सुहाउँदैन कति कोमल स्वभावको व्यक्ति रहेछ त्यो । आफ्नो विद्वतालाई लुकाएर निम्न वर्गको काम गरी असल मान्छे बन्न सकेको छ ऊ । ऊ माथि पुगिसकेको व्यक्तित्व रहेछ ।'

यसरी साहुजीले नयाँ खजाञ्चीको प्रशंसा गरी ज्यादै खुशी भयो ।

यस घटनाबाट के बुझिन्छ भने विद्वान बन्नु भनेको नै असल मान्छे बन्नको लागि हो । घमण्डी बन्नको लागि कदापि होइन ।

●



# सीपी गुणवर्द्धने

✍ रत्नसुन्दर शाक्य

बुद्ध शासनको इतिहासको क्रममा श्रीलङ्कामा १९ औं शताब्दीको उत्तरार्द्धमा भएको बौद्ध आन्दोलनको गतिविधिको विशेष महत्त्व रहेको छ ।

श्रीलङ्कामा पश्चिमी मुलुकहरूको प्रभुत्वको क्रममा पोर्तुगीज, डचपश्चात् सन् १९१५ देखि अंग्रेजहरूले शैक्षिक, सामाजिक, धार्मिक आदि गतिविधिहरूको क्रमबाट अतिक्रमण गर्दै आइरहेको स्थितिलाई केही समर्पित बौद्ध भिक्षुहरू एवम् गृहस्थ उपासकहरूको तर्फबाट मुकाबिला गर्दै आइरहेको क्रममा १९ औं शताब्दीको उत्तरार्द्धमा आएर विशेषतः दोडन्दुवाका भिक्षु पियरत्तनतिस्स महानायक स्थविर (सन् १८२६-१९०७) ले सन् १८६९ मा स्थापना गरिएका विभिन्न स्कूलहरू पश्चात् सन् १८७३ को पहिलो दिसेम्बरका दिन हिनकुडुवे श्री सुमंगल स्थविरले विद्योदय पिरिवेण' र रत्नमलाने धर्मालोक स्थविरले यसको दुईवर्षपछि १ नोभेम्बर १८७५ का दिन 'विद्यालंकार पिरिवेण' नामक शिक्षालय स्थापना गरेका थिए ।

स्मरणीय छ, यी दुईवटा प्रमुख पिरिवेण स्थापना हुनुमा २६-२८ अगस्ट १८७३ सम्म सम्पन्न इसाई र बौद्धहरूको बीच 'पान्दुरा' भन्ने स्थानमा भएको प्रमुख शास्त्रार्थ -बौद्धहरूको अगुवाई गर्नुभएका श्रामणेर मिगेतुवते गुणानन्द (सन् १८२३-९०) निसन्देह रुपमा विजय हुनुभएको फलस्वरुप थियो । तर बौद्धहरूको यस विजय एवम् बढ्दो गतिविधि इशाईहरूलाई सह्य भएन जसको प्रमाण यसको एक दशकपछि सन् १८८३ को मार्च महिनामा श्रीलङ्काको एक उपनगर मानिएको कोटहेनामा बौद्धहरूको एक शान्तिपूर्ण ऱ्यालीमा एक्कासी सेन्टलुसिया नामक चर्च अगाडि पुग्नासाथ त्यहाँ भेला भइरहेका रोमन कैथोलिक सम्प्रदायका इशाईहरूले आक्रमण गरेबाट स्पष्ट भयो । ढुङ्गा-मुढा गरिएको सो आक्रमणमा ३० जना जति बौद्धहरू गम्भीर रुपमा घाइते भए, रक्षक रुपमा रहेका पुलिसहरू १२ जना पनि सख्त रुपमा घाइते भए त ज्यून नाइन्डे (Juan Nainde) नामक एक जनाले ज्यानै गुमाए ।

ईशाईहरूलाई असहय भएको अन्य एक कारण हो - पान्दुराको शास्त्रार्थमा बौद्धहरूको विजय भएपश्चात् सो को पूरा जानकारी जे.एम पीबल्स (J.M. Peebles) नामक एक अमेरिकी पत्रकारले 'Times of Ceylon' पत्रिकामा छापिएका सम्पूर्ण शास्त्रार्थसम्वन्धी वितरणलाई पुस्तकको रुपमा छापिएको 'The Thesophical Soiety' का अध्यक्ष कर्नल हेनरी स्टील अल्कोट (Colonel Henry Steel Olcott. 1832-1907) को हातमा पर्नु थियो । कर्नल हेनरी स्टील अल्कोट सो विवरणबाट अत्यधिक प्रभावित भई (बुद्ध- धर्मबाट प्रभावित भई) दोडन्दुवे पियरत्तनतिस्स स्थविरसित पत्राचार गरी पछि श्रीलङ्कामै आइपुगी बौद्धहरूका गतिविधिहरूमा सक्रिय सहयोग गर्नुभएको प्रमुख कारण थियो ।

कोटहेनामा बौद्धहरूमाथि गरेको आक्रमणको बेला कर्नल अल्कोट भारतमा थिए । अतः श्रीलङ्काका प्रमुख बौद्ध नेताहरूले उहाँलाई तुरुन्तै श्रीलङ्कामा फर्कन टेलिग्राम पठाए जसअनुसार उहाँ २७ जनवरी १८८४ का दिन श्रीलङ्का आइपुगे । यसको भोलिपल्टै २८ जनवरी १८८४ का दिन उहाँले ४ जना श्रीलङ्काका प्रमुख बौद्ध नेताहरूलाई सम्मिलित गरी 'The Buddhist Defence Committee' (बौद्ध रक्षक सभा) को स्थापना गरे ।

यस सभाका अध्यक्ष मुहानदिराम ए.पी. धर्मगुणवर्द्धने, उपाध्यक्ष डोन करोलिस हेवा वितरण ( आनगरिक धर्मपातका पिता), कोषाध्यक्ष एच.ए. फर्नाण्डो र सचिव करोलिस पूजिथा गुणवर्द्धने गरिएको थियो त कर्नेल हेनरी स्टील अल्कोटलाई सर्वसम्मतबाट सम्माननीय सदस्यको रुपमा नियुक्त गरिएको थियो ।

यहाँ यस सभाका सचिव नियुक्त हुनुभएका सी.पी. गुणवर्द्धने (करोलिस पूजिथा गुणवर्द्धने) को बारेमा परिचय (चर्चा) दिन लागेको छु -

उहाँको जन्म श्रीलङ्काको दक्षिणी भूभाग 'मातर' को 'मद्दिहे' नामक स्थानमा १६ फरवरी १८५४ का दिन त्यहाँका एक प्रतिष्ठित व्यक्तिको रुपमा रहनुभएका पेड्रिक पूजिथा गुणवर्द्धन (Pedrik Pujitha Gunewardena) को पाँचौं सन्तानको रुपमा भएको थियो ।

मेधावी बालक सी.पी गुणवर्द्धनेले आफ्नो स्कूल जीवनमा सफलता प्राप्त गरिसकेपछि नै १ मई १८७२ का दिनदेखि शिक्षण कार्य प्रारम्भ गरिसकेको थियो । सुरुमा प्रशिक्षणको रुपमा एक सामान्य स्कूलबाट उहाँले अध्यापन गर्नुभएको थियो त पछि उहाँले सफलता प्राप्त गरिसकेपछि १६ फरवरी १८७५ का दिनदेखि मातरस्थित एक प्रमुख स्कूलमा सहायक शिक्षकको रुपमा नियुक्त हुनुभएको थियो ।

सन् १८७९ को पहिलो जनवरीदेखि सी.पी. गुणवर्द्धने शिक्षण पेशाबाट मुक्त भई वालिकडा (Wali Kada) स्थित कारागार शाखामा क्लर्क रुपमा रहन जानुभएको थियो । त्यहाँ पनि उहाँले कैदीहरूलाई पढाउने कार्य छोड्नुभएको थिएन । १३ अक्टोबर १९१३ का दिनदेखि उहाँले अवकाश प्राप्त गर्नुभएको थियो सो समयसम्ममा उहाँ उक्त कारागार शाखाका प्रमुख (Head Overseer) भई अवकाश लिनुभएको थियो ।

सी.पी. गुणवर्द्धनेले आफ्नो युवा अवस्थादेखि नै बौद्धहरूको गतिविधिमा सहानुभूति राख्दै यथाशक्य सहयोग गर्दै आउनुभएको थियो । कर्नल हेनरी स्टील अल्कोट श्रीलङ्का आइपुग्नुभएको (१६ मई १८८० का दिन) लगत्तै १७ मई १८८० का दिन गाल्ले (Galle) पुगी त्यसको दुईदिनपछि १९ मई १८८० का दिन त्यहाँ स्थित विजयानन्द विहारका अधिपति अकमेमना धम्माराम थेरको तर्फबाट पञ्चशील ग्रहण गरी बौद्ध घोषित हुनुभएको थियो । यद्यपि उहाँ एवम् उहाँको समूहमा सम्मिलित सुविख्यात रसियन महिला एच.पी. ब्लावत्स्की एवम् अन्य केही व्यक्तिहरू सर्वधर्म समन्वयवादी थिए र सोफिस्त ( ब्रम्हविद्यावादी) हरू थिए तर उहाँहरूले मानवताको प्रचारप्रसारमा बुद्ध धर्मको जति प्रमुख देन अन्य धर्ममा नरहेको कारण उहाँहरू बुद्ध धर्ममा आकर्षित भई सो सम्बन्धमा प्रचारप्रसारमा लागेका थिए ।

उहाँहरूले गाल्लमा मात्र होइन कोलम्बोमा पनि १७ जून १८८० का दिन 'Colombo Buddhist Theosophical society' स्थापना गर्नुभएको थियो । सी.पी. गुणवर्द्धने यस सोसाइटीमा आवद्ध भएदेखि कर्नल अल्कोट एवम् अन्य बौद्ध आन्दोलनमा लागेका प्रमुख नेताहरूसित सहकार्य गरी विशेषत: बौद्ध शैक्षिक क्षेत्रमा निकै प्रगति गर्नुभएको थियो ।
सी.पी. गुणवर्द्धनेले सन् १८८२-८८, १८९०-९७ र १९१०-२० सम्म Buddhist Theosophical Society का सचिव भई सभाको गतिविधि सम्मुनत गर्नमा अधिक योगदान दिनुभएको थियो । सन् १९१०-१४ मा त उहाँ यस सोसाइटीको सचिव, कोषाध्यक्ष एवम् कयौं बौद्ध स्कूलहरूको प्रबन्धक हुनुभएको थियो ।

स्मरणीय छ, सन् १८८३ मा कोटहेनामा बौद्धहरूमाथि इशाईहरूले गरेको उपद्रवको विरुद्ध आवाज उठाउन स्थापना गरिएको 'बौद्ध रक्षक सभा' ले आफ्नो समस्यामाथि गम्भीर रुपले छलफल गरे । कर्नल हेनरी स्टील अल्कोटसमेत सम्मिलित 'बौद्ध रक्षक सभा' ले श्रीलङ्कामा बौद्धहरूमाथि भइरहेको अन्यायलाई सही समाधान गर्न १७ मई १८८४ का दिन एक लामो निवेदन पत्र, विभिन्न मागहरू समेत प्रस्तुत गरी श्रीलङ्का उपनिवेशका प्रमुख लर्ड डर्बी (Lord Derby) समक्ष प्रस्तुत गर्न कर्नल हेनरी स्टील अल्कोटलाई नै पठाउने निधो गरिएको थियो जसअनुसार कर्नल अल्कोट १५ फरबरी १८८४ का दिन श्रीलङ्काबाट प्रस्थान गरी ६ अप्रिल १८८४ का दिन लण्डन पुग्नुभयो । उहाँले लर्ड डर्बी समक्ष सो मागपत्र प्रस्तुत गरी विशेष छलफल गरी उहाँ सन् १८८४ को नोभेम्बरको सुरुमा श्रीलङ्का फर्कनुभएको थियो ।

कर्नल अल्केटले श्रीलङ्का पुगी बौद्ध रक्षक सभाका पदाधिकारीहरू एवम् अन्य बौद्धहरूलाई आफू लण्डनमा गई लर्ड डर्बीसित भएको भेटवार्ता एवम् आफूहरूको माग पूरा हुने पूर्ण विश्वास दिलाई आफ्नो यात्रा सफल भएको जानकारी दिई ८ नोभेम्बर १८८४ का दिन उहाँ भारतको अडयार (मद्रास) मा फर्कनुभएको थियो ।

साँच्चै नै कर्नल हेनरी स्टील अल्कोट लण्डनबाट फर्कनुभएको ५ महिनापछि २७ मार्च १८८५ का दिन ब्रिटेनस्थित उपनिवेशका प्रमुख लर्ड डर्वीले श्रीलङ्कामा गभर्नर नियुक्त भइरहनुभएका सर अर्थर हेमिल्टन गर्डन (Sir Arthur Hamilton Gordon) लाई वैशाख पूर्णिमाको दिन सार्वजनिक विदाको घोषणा गर्न लगाए । यस खुशीको खबर अद्यार मद्रासस्थित कर्नल हेनरी स्टील अल्कोटसमक्ष पनि पुऱ्याए ।

तत्कालीन सिंहल (श्रीलङ्का) का बौद्धहरूले ११५ वर्ष अगाडि १ नोभेम्बर १७७० का दिन डच उपनिवेश सरकारले खोसिएको वैशाख पूर्णिमाको सो सार्वजनिक विदा पुन: प्राप्त भएबाट यसलाई अति स्मरणीय दिनको रूपमा मनाउन 'बौद्ध रक्षक सभा' ले तत्कालीन १० जना बुद्ध धर्मका अगुवा व्यक्तिहरू सम्मिलित भई विशेष मिटिङ बसेको थियो । उहाँहरू १० जना निम्न थिए ।

-१) हिक्कडुवे सुमंगल महास्थवीर
२) भिक्षु मिगे-तुवते गुणानन्द
३) डोन करोलिस हेवावितारण
४) मुहानदिराम ए.पी. धर्म गुणवर्द्धने
५) विलियम डे आब्रू
६) करोलिस पुजिया गुणर्द्धने
७) चार्ल्स ए.डे. सिल्भा
८) एस.एस फर्णान्डो
९) पेटर डे आब्रू
१०) विलियम एच. फर्णान्डो

सन् १८८५ को फरबरी-अप्रिलको दोस्रो हप्तातिर बसेको उक्त बैठकले आउँदो वैशाख पूर्णिमा २८ अप्रिल १८८५ (बु.स. २४२९) लाई भव्य रुपमा मनाउनुको साथै त्यस दिन सम्पूर्ण बौद्धहरूको एकता देखिने, समता देखिने, बुद्ध-धर्मप्रति श्रद्धा प्रकट देखिने, बौद्ध आन्दोलनको स्मरण भइरहने एवम् तथागत (बुद्ध) को पूर्ण रुपको सशरीरको स्मरण हुने एक प्रतिक स्वरुप एक चिन्हको रुपमा झण्डाको पनि निर्माण गर्ने कुरा उठाए, जसको निमित्त भोलिपल्ट आ-आफ्नो विचारअनुरुप झण्डाको डिजाइन (ढाँचा) बनाएर ल्याउने निधो गरे । सो अनुसार भोलिपल्टै विभिन्न ढाँचाहरूका झण्डाहरू प्रस्तुत भए । त्यस झण्डाहरूमा सर्वसम्मतले करोलिस पुजिया गुणद्धनेले बनाएर ल्याएको झण्डालाई अनुमोदन गरे । सोही झण्डो हामीले अहिले बौद्ध झण्डाको रुपमा प्रयोग गरिरहेका छौं ।

यस झण्डाको स्वरुप एवम् रङ्गको प्रतिकको बारेमा पनि थाहा पाइराखौं ।

१) नीलो (नील) -बुद्धको केशबाट आएको रश्मि एवम् न्यायको प्रतिक ।
२) पहेंलो (पीत) - बुद्धको आँखाबाट आएको रश्मि एवम् बुद्धको चीवर एवम् करुणाको प्रतिक)
३) रातो (लोहित) - बुद्धको मांस-रगतबाट आएको रश्मि एवम् वैचारिक-दार्शनिक क्रान्तिको प्रतिक
४) सेतो (ओदात) - बुद्धको अस्थिबाट आएको रश्मि एवम् पवित्रताको प्रतिक ।
५) कलेजी मन्जेट्ठ- बुद्धको हृदयबाट आएको रश्मि एवम् अनुशासनको प्रतिक
६) संयुक्त (पभस्सर) - पाँचवटै रङ्ग चमकदार भइआएको रश्मि एवम् बुद्धको धम्मकाय (शरीर) को प्रतिक ।

यसप्रकार 'बौद्ध रक्षक सभा' एवम् सी.पी.गुणवर्द्धनेको प्रयासबाट तयार भएको बौद्ध झण्डा सर्वप्रथम बु.सं. २४२९ को वैशाख पूर्णिमाका दिन (२८ अप्रिल १८८५) पहिलोपल्ट विशेषत: कोटहेनाको दीप दुत्ताराम विहार, विद्योदय परिवेण, राजमहाविहार-केलनिया, हुनुपिटियास्थित गंगारामय एवम् बुद्धिस्ट थियो सोफिकल सोसाइटीको प्रमुख कार्यालय र कोलम्वोका केही प्रमुख विहारहरूमा फहराइएको थियो ।

त्यसताका कर्नल अल्कोट मद्रासमा थिए । उहाँ २६ जनवरी १८८६का दिन श्रीलङ्का फर्कनुभएको बेला ६ तहको वा रश्मिको रुपमा बनाइएको बौद्ध झण्डादेखि निकै खुशी भए तर सो झण्डा दीर्घाकार (चौडाईभन्दा लम्बाई निकै लामो आकार देखिएको कारण कर्नल अल्कोटले यसलाई राष्ट्रिय झण्डाहरू सरह चतुर्भुज आकार (Rectangular Shape) बाट बनाइएमा सुविधायुक्त-घर-घरमा एवम् विभिन्न उत्सवहरूमा लिएर जान सजिलो हुने सुझाव दिनुभएकोलाई वरिष्ठ भिक्षुहरूले निर्विरोध रुपमा अनुमोदन गरे । कर्नल अल्कोटले सुझाव

दिएअनुरुपको बौद्ध झण्डा तयार गरी सो बारेमा विस्तृत चर्चा ८ अप्रिल १८८६ को सरसवि सन्देरसा (Sarasavi Sanderasa) नामक पत्रिकामा प्रकाशित गरेको थियो । यसै अनुरुप सुधार गरिएको झण्डालाई सन् १८८६ को वैशाख पूर्णिमा (बु.सं. २४३०) का दिनदेखि श्रीलङ्काको विहार-विहारमा, घर-घरमा फहराउँदै आएको थियो ।

कर्नल हेनरी स्टील अल्कोटले दिनुभएको सुझावअनुरुप 'बौद्ध झण्डा' चर्तुभुज आकार (हाल देखिएअनुरुप) को बन्दै गएको कारण प्रमादवश बौद्ध झण्डाका आविष्कारक कर्नल हेनरी स्टील अल्कोटलाई मानियो, तर यसलाई अल्कोट स्वयम्ले अस्वीकार गर्नुभएको कुरा उहाँले आफ्नो दैनन्दिनी (Diary) मा उल्लेख गरिराख्नुभएको छ ।

उहाँले आफूलाई बौद्ध झण्डाका डिजाइनरको रुपमा मिस हेनरियता मूलर (Miss Henriatta Muller) ले व्यक्त गरेको प्रसङ्गमा भनिराखेको छ - 'Miss Muller is in error in saying that I designed the Buddhist Flag'. The Credit for this goes to the members of the Colombo Buddhist Theosophical Society'

अर्थात् -'मिस मूलरले भूल गरेर उल्लेख गरेको छ कि म बौद्ध झण्डाको ढाँचाकार (आविष्कारक) हुँ । यसको श्रेय त कोलम्बो बौद्ध ब्रम्हविद्या सभाका सदस्यहरूलाई रहेको छ ।'

'कोलम्बो बुद्धिस्ट थियोसोफिकल सोसाइटी' ले आफ्नो शतवार्षिकी ग्रन्थ 'Buddhist Theosophical society-centenary Volume -1880-1980' मा सी.पी. गुणवर्द्धनेलाई बौद्ध झण्डाको आविष्कारकको रुपमा स्पष्ट उल्लेख गरिसकेको छ ।

करोलिस पूजिथा गुणवर्द्धनेलेले आफ्नो जीवनको झण्डै ४ दशकसम्म 'The Colombo Buddhist Theosophical Society' मा आबद्ध भई बुद्ध-शासनिक कार्यमा योगदान गर्दै आइरहनुभएको थियो । उहाँ २० मई १९२० का दिन उक्त सोसाइटीको बैठक बसिरहेकै बेला एक्कासी अस्वस्थ भई लड्नुभयो र २७ मई १९२० का दिनदेखि उहाँ आफ्नो सचिवको कार्यभारबाट मुक्त हुन विवश ( बाध्य) भए ।

सी.पी गुणवर्द्धनलेले आफ्नो जीवनको अन्तिम समय (६ वर्ष) आफ्नै गाउँ मद्दिहे र वालगम-मातरमा बिताई १० डिसेम्बर १९२६ का दिन ७२ वर्षको उमेरमा आफ्नो जीवनयात्रा अन्त गरेर जानुभएको थियो ।

अन्तमा, उहाँको निधनको प्रसङ्गलाई लिएर श्रीलङ्काको 'Ceylon Independent' नाम पत्रिकाले ११ डिसेम्बर १९२६ का दिन शोक सन्देशको रुपमा उल्लेख गरिएको थियो ।

'The Deceased was a very well known in Buddhist circles for the last 25 years or 30 years, He was General Manager of Buddhist schools and the general Secretary of the Buddhist theo sophical society, superintendent of the Buddhist press, Assistant general Manager of Buddhist Schools and 44 years a member of the society. During the tenre of his office since June 1881, he had been sucessful in founding several English and sinhalese schools in various parts of the island, the chief of which are Jinaraja English School, Colpetty, Wesagamapita and Kadaweediya in Matara, Devoted his life for the good of his country and his religion' अर्थात्

'गत २५-३० वर्षको अवधिमा सी.पी गुणवर्द्धनेको निधन बौद्ध समुदायमा अति नै स्मरणीय रहेको छ । उहाँ बौद्ध स्कूलहंरूको प्रमुख व्यवस्थापक, बौद्ध ब्रम्हविद्या समाजका प्रमुख सचिव एवम् बौद्ध छापाखाना (प्रेस) का प्रबन्धक थिए । पछि उहाँ बौद्ध स्कूलहरूका सहायक प्रमुख प्रबन्धक र ४४ वर्षसम्म थियोसोफिकल सोसाइटीसित आबद्ध (सदस्य) व्यक्ति भए । उहाँको आफ्नो कार्यकाल सन् १८८१ को जून महिनादेखि सुरु भएदेखिन् श्रीलङ्का द्वीपका विभिन्न भागहरूमा कैयौं अङ्ग्रेजी र सिंहली स्कूलहरूको स्थापना गर्नमा निकै सफलता हासिल गर्नुभएको थियो, उहाँ मातरस्थित कदवदीप, वेरगम्मपित, कोलपेटीका जिनराजा अङ्ग्रेजी स्कूलका प्रमुख थिए । उहाँले आफ्नो सम्पूर्ण जीवन आफ्नो देश र आफ्नो धर्मको भलाइको निम्ति समर्पण गरेर जानुभएको थियो ।'

●

## लुम्बिनीमा बिंड तात्यो, ताप्के तातेन

# विश्वव्यापी महत्त्वको लुम्बिनी

✍ रामकुमार श्रेष्ठ



विश्वमा झण्डै पचास करोड बुद्धिस्ट छन् भने बुद्धिज्मलाई धर्मभन्दा पनि विज्ञानको रुपमा मान्नेहरु पनि लाखौं भएकाले लुम्बिनीमा पर्यटनको लागि उपयुक्त वातावरण सिर्जना गर्न सकिएको खण्डमा वर्षेनी लाखौं पर्यटक भित्र्याएर करोडौं डलर आम्दानी गर्न सकिने देखिन्छ जुन नेपालको विकासमा कायापलट ल्याउन सहायकसिद्ध हुनसक्छ ।

लुम्बिनी शान्ति सहर बनाउने गुरुयोजना तयार गर्न लामो समयदेखि व्यस्त थुप्रै इन्जिनियरिङ परियोजना व्यवस्थापनसँग सम्बन्धित जर्नलहरुको सम्पादक मण्डलमा कार्यरत एवं इन्जिनियरिङ परियोजना व्यवस्थापनमा अन्तर्राष्ट्रिय ख्यातीप्राप्त प्राध्यापक क्वाक वार्षिक एक लाख पर्यटक एक दिनका लागि लुम्बिनीमा आउनेलाई बढाएर हरेक वर्ष ६ लाख पर्यटक लुम्बिनीमा ल्याउने र उनीहरूलाई १५ दिन बस्ने संरचना बनाउने लक्ष्य प्राप्तिका लागि कार्यरत छन् ।

बुद्धको यही विश्वव्यापी महत्त्वबाट लालायित भएर नेपालको विविध कमजोरीको फाइदा उठाउँदै शक्तिका भरमा सम्पूर्ण विश्व मान्यताविपरीत करोडौं खर्च गरेर नक्कली लुम्बिनी र कपिलवस्तु नै निर्माण कार्यमा जुटेर झण्डै अन्तिम चरणमा पुगेको भारत जनस्तरमा नै भए पनि आजको इन्टरनेटको जमानामा सामाजिक सञ्जाल एवं विभिन्न किसिमबाट गरिएका व्यापक विरोधका कारण बुद्ध भारतमा जन्मिएको भन्ने दुस्प्रयास असफल हुनसक्ने र नैतिकताको प्रश्नको सम्भावनालाई ध्यानमा राखी बुद्धले ध्यान र ज्ञान प्राप्त गरेको कुरालाई आधार मानी बुद्ध भारतमा जन्मिएको कुरालाई व्यापक रुपमा अगाडि बढाउन अग्रसर भएको देखिन्छ ।

## के गर्दैछ भारत ?

२०११ को जूनमा बौद्ध इतिहास र संस्कृतिबारे अन्तर्राष्ट्रिय अभियान सञ्चालन गर्ने क्रममा भारतीय दूतावासले भारत, चीन, जापान, मंगोलिया, म्यानमार, नेपाल, सिंगापुर, दक्षिण कोरिया र भियतनामका अध्येता सहभागी गराएर बेइजिङमा आयोजना गरेको 'बुद्धिज्म म्यापिङ एसियाज हिस्ट्री एन्ड कल्चर' विषयमा भएको कार्यक्रममार्फत् गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई ओझेल पार्ने गरी भारतले बोधगयालाई बौद्धमार्गीहरूको अन्तर्राष्ट्रिय केन्द्र बनाउने अभियान तीव्र पाऱ्यो ।

भारतलाई अन्तर्राष्ट्रिय बौद्ध केन्द्र बनाउने अभियानअन्तर्गत कजाकिस्तान, हंगेरी, इन्डोनेसिया, थाइल्यान्ड, दक्षिण कोरिया, सिंगापुर, कम्बोडिया, श्रीलंका, नेपाल, भियतनामलगायतका देशमा यसअघि नै कार्यक्रम गरिसकेको काङ्ग्रेस आइका विदेश विभाग प्रमुख करण सिंह निर्देशक रहेको भारतको सांस्कृतिक कूटनीति हेर्ने संस्था इन्डियन काउन्सिल फर कल्चर रिलेसन्स् (आइसीसीआर) र पेकिङ युनिभर्सिटीसँग मिलेर बेइजिङस्थित भारतीय दूतावासले एसिया क्षेत्रीयस्तरको उक्त कार्यक्रम आयोजना गरेका थिए ।

बेइजिङमा कार्यक्रमको उद्घाटन गर्दै बिहारका मुख्यमन्त्री नीतिश कुमारले नालन्दा विश्वविद्यालय पुनर्उद्धार गरी बोधगयालाई अन्तर्राष्ट्रिय बुद्धिज्म अध्ययन केन्द्र बनाउने उद्घोष गरेका थिए । बिहारमा नालन्दा अन्तर्राष्ट्रिय विश्वविद्यालय पुनर्उद्धार गर्न आफ्नो सरकार प्रतिबद्ध रहेको जनाउँदै उनले भारतको केन्द्र सरकारले त्यसका लागि बजेट छुट्याउने जनाएका थिए । बोधगयालाई बौद्धमार्गीहरूको अन्तर्राष्ट्रिय केन्द्र बनाउने भारतीय योजनाको महत्त्वपूर्ण पक्ष नालन्दा विश्वविद्यालयको पुनर्उद्धार हो, जसमा चीनलगायत पूर्वी एसियाका दसौं हजार बौद्धमार्गी विद्यार्थी तान्न सकिने विश्वास गरिएको छ ।

वाराणसीमा हालै भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन उद्घाटनका क्रममा भारतीय पर्यटनमन्त्री सुबोधकान्त साहेले नेपालस्थित बुद्ध जन्मस्थल लुम्बिनीलाई समेत समेटी बुद्धिस्ट सर्किटसम्बन्धी तीन खालका योजना घोषणा गरेका छन् । साहेका अनुसार यसै वर्ष सुरु हुने १२ औं पञ्चवर्षीय योजनामा विकास गर्ने गरी भारतीय पर्यटन मन्त्रालयले तीन खालको बुद्धिस्ट सर्किटको योजना बनाएको हो ।

धर्मयात्रा नाम दिइने पहिलो सर्किट ५ देखि ७ दिने यात्रा हुनेछ, जसमा बोधगया, वाराणासी (सारनाथ), कुशीनगर, पिपरहवा र नेपालको लुम्बिनी समेटिने छन् । विस्तारित धर्मयात्रा नाम दिइने दोस्रो सर्किट १० देखि १५ दिनको यात्रा हुनेछ, जसमा बोधगयाका स्थानहरू नालन्दा, बारबारा गुफा, प्रागबोधी पर्वत र गया, पटनाका विभिन्न स्थान, पिपरहवास्थित केही स्थल र नेपालको लुम्बिनी पर्नेछन् । दुवैमा लुम्बिनीलाई एक दिनको भ्रमणमा सीमित गरिएको छ । तर तेस्रो सर्किटमा नेपालको लुम्बिनी समेटिएको छैन ।

जम्मु कस्मीरका लद्धाख, श्रीनगर र जम्मु हुँदै हिमाञ्चल प्रदेशका धर्मशाला, स्पिटी, किनौर र लाहौल तेस्रो सर्किटमा छन् । सर्किट विकास गरी थप बौद्ध धर्मावलम्बी तथा पर्यटकलाई आकर्षण गर्ने योजना भारत सरकारको छ ।

## लुम्बिनीमा बढ्दो गतिविधि

हाम्रो स्वामित्वमा रहेको अन्तर्राष्ट्रिय सम्पत्ति लुम्बिनीले नेपालबाट भन्दा बढी बाहिरबाट माया पाएको देखिन्छ । संयुक्त राष्ट्र सङ्घका तात्कालीन महासचिव ऊ थान्त १९६७ मा लुम्बिनी भ्रमणपछि बुद्धभूमिमा ठोस काम गर्नका लागि राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहयोग जुटाउन एसियाका १६ देशका राष्ट्र सङ्घीय प्रतिनिधिहरू संलग्न 'लुम्बिनी राष्ट्र सङ्घ समिति' गठन १९७० मा गरे र संयुक्त राष्ट्र विकास कार्यक्रम यूएनडीपीमार्फत जापानी आर्किटेक्ट प्रो. केन्जो टाङेलाई लुम्बिनीको विकासको विस्तृत कार्ययोजना बनाउन लगाएर ६.५ मिलियन डलरको लागतमा १९७८ मा तयार भयो । उक्त योजनाले ७ वर्षभित्रमा पूर्णता पाउनुपर्ने लक्ष्य राखिए तापनि तीन दशकभन्दा बढी समय व्यतित भैसक्ता पनि विश्वव्यापी महत्त्व दिएर तयार पारिएको गुरु योजना सम्बन्धित देशबाटै भने कुनै चासो नै नदिएर कार्यान्वयनले पूर्णता पाउन सकिरहेको छैन ।

सन् २०१० को अन्ततिर नेपाल-चीन सांस्कृतिक सद्भाव सम्झौतालाई नेपालको परिवर्तित राजनीतिक परिवेशमा नयाँ ढङ्गले अगाडि बढाउन मन्त्रीस्तरीय सम्झौता हुँदा नेपालका

तर्फबाट कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लालाई समेटी बुद्धिस्ट सर्किट बनाउने अवधारणामा सघाउन गरिएको आग्रहमा चीन सरकार सहमत भएको थियो ।

जापान सरकारको आर्थिक सहयोगमा युनेस्कोमार्फत् बेलायती प्राध्यापक रविन कनिघामको नेतृत्वमा जमिनबाट देख्न नसकिने हुनुपर्ने तर नभएका र भएका पुरातात्विक महत्त्वका वस्तुहरु पत्ता लगाउन तीन वर्षे परियोजना सुरु भएको छ ताकि लुम्बिनी विकासको क्रममा पुरातत्विक महत्त्वका स्रोतहरुलाई नबिगारी यथार्थतालाई दुरुस्त उतार्न सकियोस् ।

धेरै गतिविधि र राष्ट्रिय अन्तराष्ट्रिय चर्चा परिचर्चापछि एसिया प्रशान्त क्षेत्रमा सामाजिक, आर्थिक र सांस्कृतिक विकास गर्ने, यस क्षेत्रका जनताबीच साझेदारी र समझदारी बढाउनेलगायतका उद्देश्य भएको एसिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसन (एपेक) सँग 'लुम्बिनी बौद्ध धर्म तथा संस्कृति संरक्षण' समझदारीपत्रमा नेपालले हस्ताक्षर गरेको छ । एपेकले बेइजिङको युनिडोसँग पनि सम्झौता गरेको छ लुम्बिनी प्रोजेक्टको सम्भाव्यता अध्ययन गर्नको लागि र युनिडो एपेकको लुम्बिनी प्रोजेक्ट डिजाइन गर्ने कन्सल्ट्याण्टको रुपमा काम गर्नेछ । एपेकका उपाध्यक्ष युनानले कार्यक्रमपछि सञ्चारकर्मीसँग कुरा गर्दै लुम्बिनी विकासमा एसियाली विकास बैङ्कको एक अध्ययनमा ३ देखि ५ अर्ब अमेरिकी डलर बराबर खर्च लाग्ने जनाएका थिए ।

## प्राध्यापक क्वाकको योजना

जापानका केंजो टांगेले तयार पारेको लुम्बिनी गुरुयोजना सम्पन्न नहुँदै लुम्बिनीको विकासका लागि त्योभन्दा ठूलो अर्को गुरुयोजना ल्याइएको छ ।

लुम्बिनीको विकासका लागि स्थानीयकै सहभागितालाई जोड दिँदै लामो समयदेखि लुम्बिनी शान्ति सहर बनाउने गुरुयोजना तयार पार्ने कार्यमा तल्लीन प्राध्यापक क्वाकले लुम्बिनीलाई चार क्षेत्रमा राखेका छन्- बुद्ध, धर्म, सङ्घ र उपासक । मायादेवी मन्दिरसहितको पवित्र उद्यान क्षेत्र बुद्धमा, त्यसबाहिरको टांगेको गुरुयोजना अनुरुपको लुम्बिनी विकास कोष क्षेत्र र बाहिरको भूभाग धर्ममा हाल स्थानीयवासीको बसोबास रहेको मुख्य बस्ती ५ वाई ५ माइल अर्थात् ६ हजार ४ सय हेक्टर क्षेत्रफललाई सङ्घ र त्यसभन्दा बाहिरको बाँकी क्षेत्रफल उपासकमा विभाजित छ । गुरुयोजनाअनुसार बुद्ध क्षेत्रमा कुनै पनि निर्माण गरिने छैन । यो मायादेवी मन्दिर वरपरको क्षेत्र रहने छ । त्यस्तै धर्म क्षेत्रमा हरियाली रहने छ । रिसर्च सेन्टरहरु पनि यहीं र्निमाण हुनेछन्, जहाँ विभिन्न देशका बौद्ध धर्मावलम्बी र अन्य धर्मावलम्बीहरूले पूजापाठ तथा ध्यान गर्नेछन् । गुरुयोजनाअनुसार सङ्घ आवासीय क्षेत्र रहनेछ । जहाँ लुम्बिनी वरपरका गाउँहरूलाई समेटिएको छ । अस्पताल, शिक्षण संस्थाहरु यहीं निर्माण गरिनेछ । हरेक १० मिनेटको पैदलमा सङ्घ क्षेत्रमा स्थानीयको निम्ति विद्यालय अस्पतालको निर्माण हुने उल्लेख छ । जुन क्षेत्रमा दुई लाख मानिसले बसोबास गर्नेसक्नेछन् ।

लुम्बिनीलाई विश्व शान्ति सहर बनाउने अवधारणाअनुरुप बनाइएको कमलको फूल आकारको गुरुयोजना लुम्बिनीदेखि २५ वर्ग माइलको क्षेत्रमा फैलिनेछ । शान्ति सहरमा कपिलवस्तुको गुथिहवा, कुदान, तिलौराकोट, निग्लिहवा नवलपरासीको रामग्राम, रुपन्देहीको देवदह र भैरहवा क्षेत्रलाई समेटी ८ वटा नहर बनाइनेछ । नहर वा अन्य निर्माणको क्रममा स्थानीयका बासस्थान, पुरातत्त्व क्षेत्रलाई असर पर्ने गरी काम नहुने गुरुयोजनामा छ ।

संयुक्त राष्ट्र सङ्घ र विश्व विकास बैङ्क सहयोगका लागि तयार रहेको बताउँदै क्वाकले आफूले तयार पारेको गुरुयोजनाबारे प्रस्टाउँदै उहाँले लुम्बिनीलाई हजारौं वर्षसम्म पनि जोगाइराख्न योजनाको खाँचो रहेको बताउनुभयो । उहाँले लुम्बिनीको अस्तित्त्व जोगाइराख्न त्यस क्षेत्रमा जथाभावी भइरहेका निर्माणहरु तत्काल रोक्नुपर्नेमा जोड दिनुभयो । 'क्वाकले गरिबीका बीच शान्ति आउँदैन' लाई गुरुयोजनाको मूलमन्त्र बनाउँदै आफ्नो गुरुयोजनामा लुम्बिनी वरपरका ११ गाविसका जनताको जीवनस्तर सुधार गर्नुपर्ने र त्यसको लागि लुम्बिनीमा स्थानीयको सहभागिता बढाउनुपर्ने बताउनुभएको छ । आठ शान्ति नगरको विकास गर्दा स्थानीयलाई सहभागी गराइने र उनीहरूको बासस्थान जबरजस्त

नहटाइने, पुरातात्विक क्षेत्रलाई जगेर्ना गरिने योजना छ । लुम्बिनीलाई विश्वका धेरैले भ्रमण गर्ने क्षेत्रका रूपमा विकास गर्ने गुरुयोजनाको सार रहेको छ र विकासका लागि आर्थिक वृद्धिलाई मुख्य जोड दिइनेछ ।

## भिक्टरको योजना

मलेसियाको शाक्यमुनि बुद्ध फाउन्डेसन एवं मलेसियन टुरिज्म बोर्डका अध्यक्ष रहेका अध्यक्ष डा. भिक्टरसहितको समूहले लुम्बिनीको बृहत् विकासका लागि सरकारमा प्रस्ताव बुझाएको छ भने मलेसियाका एयर एसिया र शाक्यमुनि बुद्ध फाउन्डेसन पनि लगानी गर्न तयार छन् । ताइवानको एउटा संस्थासँग लुम्बिनीमा अत्याधुनिक सञ्चार सेवा विकासको सम्झौता नै भइसकेको छ ।

## प्रचण्डको चासो

करिब ४० वर्षपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालमा लुम्बिनी विकासबारे सरकारी चासो सुरु भयो । संस्कृतिमन्त्री गोपाल किरातीले लुम्बिनीको विकास बृहत्तर रूपमा गर्नका लागि लुम्बिनी विकास योजनाको कार्यक्षेत्र लुम्बिनीबाट विस्तार गरी रामग्राम, देवदह र तिलौराकोटसम्म पुऱ्याउने निर्णय २०६३ मै विकास कोषमा गराए । सरकारले गत असोज ३० गते पूर्वप्रधानमन्त्री दाहालको अध्यक्षतामा बृहत्तर राष्ट्रिय लुम्बिनी विकास निर्देशक समिति गठन गऱ्यो जसले राष्ट्र सङ्घका महासचिव बानलाई बृहत्तर राष्ट्रिय लुम्बिनी विकास निर्देशक समितिको अन्तर्राष्ट्रिय समितिको संयोजकको भूमिका निर्वाह गर्न राजी गरायो । त्यसबखत बानले लुम्बिनीको संरक्षण र बृहत्तर विकासका लागि आफ्नो नैतिक तथा राजनीतिक समर्थन हुने जनाएका थिए ।

सभासद् दीपकुमार उपाध्यायले संसदमा विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीको एकीकृत विकास गरी अन्तर्राष्ट्रिय शान्ति शहर बनाउन राख्नुभएको संकल्प प्रस्तावलाई संसदले सर्वसम्मतिले अनुमोदन गरी तीन वर्षभित्र लुम्बीनी क्षेत्रलाई 'अन्तर्राष्ट्रिय शान्ति शहर'को रुपमा विकास गर्न संसदले सरकारलाई निर्देशन दिएको र यो निर्देशन पालन भए नभएको अनुगमनका लागि संसदमा एउटा स्थायी समिति सभामुखको अध्यक्षतामा बनाइने निर्णय गरेको पनि दुई वर्षभन्दा बढी भइसकेको छ । सोही समयमा संसदले सर्वसम्मतिले एक संकल्प प्रस्ताव पारित गर्दै अधुरो रहेको लुम्बिनी विकास गुरुयोजनालाई पनि तीन वर्षको समय भित्र पूरा गरिसक्न भनेको छ ।

## क्षेत्रीय सन्तुलनदेखि शान्तिसम्म

लुम्बिनी विकासका लागि एसिया प्यासेफिक एक्सचेन्ज कोअपरेसन (एपेक) बीच समझदारीपत्रमा हस्ताक्षर गरेपश्चात् दाहालले लुम्बिनी विकासका लागि नेपाल, चीन र भारत एक ठाउँमा उभिनुपर्ने उल्लेख गर्दै लुम्बिनीले नयाँ रणनीतिक साझेदारीका लागि नेपाल, चीन र भारतलाई एक ठाउँमा उभ्याउने भन्दै समझदारीपत्रमा भएको हस्ताक्षर त्यसको सुरुवात बताएका थिए । एपेकका कार्यकारी निर्देशक सियाओ युनान पनि नेपालमा समझदारीपत्रमा हस्ताक्षर गरेपछि पहिला पहिलाको एपेक प्रतिनिधिहरुको नेपाल भ्रमणलाई नेपालभित्र मात्रै सीमित राख्ने परम्परा तोडी भारतीय नेताहरुसँग भेटघाट गर्न भारत गएबाट एपेक लुम्बिनीको प्रश्नमा भारतीय रणनीतिबाट अनभिज्ञ नरही क्षेत्रीय सन्तुलनमा संवेदनशील रहेको स्पस्ट देखिन्छ ।

लुम्बिनीको विकासको प्रश्न नेपालको बिकाससँग मात्रै नभएर योसंग थुप्रै अन्तर्राष्ट्रिय महत्त्वका प्रश्नहरु समेत जोडिएका छन् । उपयुक्त वातावरण तयार गरेर वर्षेनी आउने लाखौं पर्यटकको केही प्रतिशतलाई मात्रै योगा र ध्यान सिकाउन सकिएमा यस्ले विश्वका हजारौंको शारिरिक र मानसिक अवस्थामा सुधार ल्याउन सकिनेछ जसको स्पस्ट अर्थ हुनेछ विश्व शान्तिमा योगदान । स्वार्थपूर्ण तवरबाट बुद्ध जन्मस्थलबारे सिर्जित दिग्भ्रमका कारण बुद्ध र बुद्धिज्ममा आस्थावान विश्व पर्यटकहरुलाई झुक्केर वा झुक्याइएर नक्कली लुम्बिनी जाने वा लैजाने कार्यले वर्षेनी हजारौं विश्व पर्यटकको मानबाधिकारमा हनन हुने भएकोले लुम्बिनीको बिकास मार्फत उनीहरुको मानवाधिकारको हनन र उनीहरुको आस्थामा भैरहेको कुठाराघातबाट जोगाउने जस्तो महत्त्वपूर्ण काम हुनेछ ।

*साभार : मजदुर दैनिक १७, पुस*

●

# कुलरत्न महाविहार

## परिचय

ख्वप नगरया प्रमुख विहारत मध्येया छगू कुल रत्न विहार ख: । थुगु विहार ख्वप नगरया वडा नं. ४ या क्वाथण्डौ त्वालय् अवस्थित दु । क्वाथण्डौ पुखूया लिक्क च्वंगु तग्व:गु बज्रधातु चैत्यया उत्तरपाखे निर्माण जुयाच्वंगु थुगु विहारयात बोलिचालीया भाषां बिखु वाहा: धाइ ।

अभिलेखय् स्पष्टकथं उल्लेख यानात:गु दु । खासाय् वना: व्यापार न्ह्याका: च्वंम्ह थुम्ह विहारदातां विहार निर्माण याये धुंका क्वा:पा:द्योया रुपय् आर्यावलोकितेश्वर सहित धर्मधातु (स्तम्भ) चैत्य, गणेश, हनुमान व महाँकाद्यो आदिया मूर्ति दयेका स्थापना यागु ख: धका: थुगु अभिलेखय् अङ्कित यानात:गु दु ।

अयेहे मेष सङ्‌ग्रान्ति खुन्हु थुगु विहारया वुसाधं



कुलरत्न महाविहारया भग्नावशेष

## ऐतिहासिक पृष्ठभूमि

कुलरत्न विहारया निर्माण ख्वपदेया क्वाथण्डौं त्वा:या भाजु श्री जुजु धन सहित वसपोलया परिवारजनपाखें सुरेन्द्र विक्रम शाहदेव जुजुया पालाय् ने.सं. ९९१ स जुगु ख: । थ्व खँ थुगु विहारया स्तम्भ चैत्यया पूर्वभिमुख व चैत्य पुजायायेत गुथि स्वंगु खँ समेत अभिलेख य् उल्लेख याना: त:गु दु । नापं दातातय्गु वंशावली पश्चिमाभिमुख अभिलेखय् कियात:गु दु ।थौंकन्हे थुगु विहारया दाताया वंशज वा मेपिं सम्बन्धित व्यक्तिपिं फुकं मदया वने धुंकुगु जुल ।

## विहारया स्वरूप व सम्पदा

ख्वपया बाहा वहि त मध्ये दकले चिधंगु विहारकथं थुगु कुलरत्न विहार म्हसिया वयाच्वंगु दु । थौंकन्हे थुगु विहारय् वनेत निजी छें त:लं द्वाहां वनेमा: । स्वयूवले चुकचा थें च्वंगु थुगु विहारय् क्वा:पा:छें आगँछे इत्यादि छुं मदु । पूर्वपाखे करिब ६ इन्च जा: याना: दबू थें च्वथ्याना: च्वंगु अप्पाया फ: व पूर्वपाखेया सिमा बुयावयाच्वंगु प:खालय् सिमेन्ट प्लास्टरयाना: ख:चाथें लिधंकात:गु खनेदुगु थासय् पश्चिमाभिमुखपिं निखे: निम्ह चिचिधिकपिं ल्वहंया सिंह



विहारको प्रवेशद्वार

सहित ल्वहँया आसनय् करिब साढे तिन फूटया क्वा:पा:द्यो कथं पद्मपाणी लोकेश्वर विज्याका: त:गु जुल । छग:हे ल्वहँतय् श्री प्रभासहित कलात्मक बुट्टाकिया दयेकात:म्ह थुम्ह क्वा:पा:द्योया मटुलय् अमिताभ तथागतया मूर्ति कियात:गु दु । देग: मदुगु ज्रुगुलिं खुल्लारुपय् लानाच्वंम्ह थुम्ह क्वा:पा:द्यो निभा फय व लखँयाना:याकनं हे नष्ट जुया वनिगु सम्भावना: दु ।

क्वा:पा:द्योया न्ह्योनेसं प्यकुंलाक्क अप्पाया मेगु छगू दबू नं दयेका त:गु दु । दबूया दथ्वीं स्तम्भ चैत्य स्थापनायाना:त:गु दु । थुगु स्तम्भय् पूर्व, दक्षिण व पश्चिम भागय् छसिंकथं दाताया वंशावली सहित विहारया स्थापना, क्वा:पा:द्यो वुसाधँ सम्बन्धी मा:गु खँत किया त: गु दु । थुगु चैत्यया पश्चिमपाखे जज्ञकुण्ड व दक्षिण पश्चिमपाखे क्षेत्रपाल नं स्थापना यानात:गु जुल । थुकी नापसं पश्चिमपाखे विहारया सिमा प:खा: हे जुल । थुगु प:खा:लय् पूर्वाभिमुखिपिं ल्वहँयापिं ल्हा: ज्वजलपा याना: च्वंम्ह हनुमान दथ्वी, जवय् गणेश व खवय् महाँकालमा मूर्ति स्थापनायाना: त:गु दु । थुगु विहारय् उत्तरस्वया: द्वाहाँवनेमा:गु जुल ।

## विहारया संघ

थुगु विहारया संघ सदस्यपिनिगु वंश तुतें: जुइ धुंकुगु खँ च्वय् उल्लेख जुइधुंकुगु दु । थुगु विहारय् चूडाकर्म यात सा व उराय (तुलाधर) स्तरय लाइ धैगु थनया शाक्य बज्राचार्यपिनि धापू दु । सम्भवत: थुगु हे कारणं थन चूडाकर्म मयायेगु यानात:गु जुइफु । प्रामाणिक कथं खँ कोछिृयूत थप अनुसन्धान याये बाँकी हे दनि । तर विहारया हेरचाह यायेगु जिम्मा थुगु कुल रत्न विहारया नापसं च्वंम्ह पशुपति विहारया संघ दुज: सानुकाजि शाक्ययात याना: थकुगु खनेदु । (विहारया जिम्मा कया च्वंम्ह सानुकाजी शाक्य यागु कथं)

## संघमा ज्याभ्व

थुगु विहारया संघ सदस्यपिं तुते जुइ धुंगुया कारणं न्हिथं साधारण नित्यपुजा याइगु छगू बाहेक अभिलेखय् उल्लेख जूकथंया बुसाधं इत्यादि मेमेगु संघ ज्या मजुइ धुंकल । विहार हेरचाह याना:वया:च्वंम्ह भाजु सानुकाजि शाक्यं थ:म्हं याना:वया: च्वना:गु पुजाया लागि छुं आयस्ता मदुगु खँ कना:बिज्यात । तर ख्वपदेशय् दँयदँय पतिकं गुँलां गुँलावाजं खल:कं न्यायेकीगु बाहा:पुजा व नेकू धलं खल:कं न्यायेकीगु बाहा: पुजा व चैत्य पुजा वले थन नं. पुजा या वयाच्वंगु दनी । ख्वपया मू बाहातयूगु नां धलकय् दुथ्यासां तवि थुगु विहारया संरक्षण सम्बर्द्धन यायेगु लागि स्थानीय मनूत व जिम्मेवार व्यक्तिया सामान्य कुत:बाहेक मेगु सम्बन्धित निकायं विशेष ध्यान त:गु खनेमदु । ख्वपया चूडाकर्म याइगु चिधंगु हे जूसां थुगु विहारयात इलय हे व्यवस्थित रुपं सम्बन्धित ख्यलं ध्यान वियेगु कुत: मजुल धा:सा छुं ई लिपा हे थुगु विहार न्हना: वनीगु स्पष्ट खनेदु ।

*साभार : ख्वपया बाहा बहि सफूतिं* ●

बुद्धकालीन घटना

# धौं लाइम्ह वैद्य

✍ प्रकाश बज्राचार्य
(वि.सं. २०१५-६२)



उज्जैनया जुजु प्रद्योतयाके निगू बाँमलागु गुणत दु छगूला सितिँला:गु धका तुरुन्त हे तँ पिहाँ वेकीगु, मेगू तँ वय्का तयां छु स्यनी धका तँयात लहिना तैगु । चिहाकेक धाय्त तंकालिम्ह जुजु धायवं मथूपिं सु दे ? तँकालि ला छु, तकालिया बाज्यायात नं. ल्वचं क : । ध्व सकसितं कीगु नियम ख: - आजुयात नं. ल्वचं क :, अजियात नं. क:, भ्रीत नं क : । जुजु प्रद्योत नं. बचे मजू । वयात नं पाण्डु रोगं लासाय् बस्वाना विल । ल्वय् खना: नं मुरु मुरु तं पिहाँ वो जुजुया, तर छुयाय् जुजु खना: ल्वय् मग्या:थें । झं झं तिस्सिना त:गु झम्सि थें सुकू चिना वन जुजु । तुतिया लुसि स्या:गुनिसें क्या: छ्यौंया आंग्सा स्या:गुतक्क लाय्के फुपिं वैद्यत वया : जुजु-यात स्व:वय् धुंक्ल, तर पाण्डुरोगयात सुनानं बिसिके छोय् फूगु मखुनि ।

अले जुजु मगधया नां जा:म्ह वैद्य जीवकयात झिकेय्याना छ्वत । वास्यां न्ह्यु न्ह्यूँ जीवकं जुजुयाथाय् ख्वा: क्यँ वल । जीवक खना: जुजु नं मुसुक्क न्हिलेत स्वल, तर न्येता:या ला तन्केजुया स्या:गुलिं हाकनं पाउँ ख्वा: ज्याय् माल । छुयाय् विचरा, ल्वय्नं याना न्हिले तक्क नं फुगु मखु ।

जीवकं जुजुयात स्वल । तुति तिया: स्वल, ल्हा म्वे हींका:स्वल, छ्यौं फस्वय्का स्वल । कुम्हा: नं त्यप दाया: स्वेथें म्ह छम्हँ धौं ग्रौं दया: स्वल । वाक्कु छिना : जुजूं संहयाना च्वन । अले जीवकया म्हतुं पिज्वल, 'महाराज । ल्वे जिं लाय्केगु जुल ।' जुजु लय्ताल । न्हिलेत स्वल । उहुँ न्हिले हे मफु । ख्वा: पकुचिंक्ल ।

कन्हेखुनु लुँयागु थले हा फ्वालां वयक दायका त:गु ह्वास ह्वास वास व:गु वास:ज्वना: जीवक जुजुयाथाय् वल । कोठाय् च्वंपि सकस्यां न्हाय् सूं सूंयात । छम्ह निम्हस्यां वास:या बास ताया: 'आहा' धका ई घुतक्ल ।

'ध्व छु ?' आमालि पाउँ ख्वालं जुजुं न्यन ।

'महाराजयात वास याय्त घ्यो दाय्का हैगु ।' जीवकं मुसु सुसु न्हिला: लिस: बिल ।

घ्यो !? जुजुया मिखां छुं हे मखन । नुगले दनाव:गु तँ म्हुतू छ्वाराक्क पिज्वेक्ल, 'सु मूर्खयात धका हैगु आम घ्यो ? का त्वंकी जित: घ्यो, वयागु छ्यौं बाकू याना बी ।'

जीबक्या न्हकुसं तिं स्वात । मूहा:म्ह दुगुचिया थें तुति फ्यारा फ्यारा खात । जुजुयात वास: त्वंकेगु वं आँट हे पिकाय् मफुत । जुजु हाकनं बम्के जुल, 'जित: न्ह्याग्गुं नकि, घ्यो छ्वता नके मते, नत्रसा वयागु जात्रा न्याय्का बी जिं ।' जीवक फरक्क फहिला न्हिप्यं सुचुक्क लिहाँ वन ।

जीवकया थ:गु न्ह्यप्पुई खँ वाय्कल-पक्का नं. ध्व जुजुयात लाय्केत घ्यो मनकुसें मजी धुंक्ल । तर घ्यो नकूगु सिलकिला जित: लाख: पिया: चि मल्ता हा हा: याय्त छु बेर ? ध्व मूर्खम्ह जुजुयात लाय्केत घ्यो थें मच्वंक घ्यले मेमेगु ल्वाक छ्याना: नके माली । अले : अले वास:नकेधुंके साथं या नं कुलेलम ज्वी माली-नत्रसा लिपा घ्यो नकुगू सिलकिं जित व तँगुलु जुजूं बाकि तै मखु ।

'महाराज । छित: जिं लाय्केगु जुल ।' जुजुया न्होने वना:जीवकं न्यंकल ।

'छू ? घ्य नका: लंकेगुला ? म्वा म्वा, जित लंके म्वा: घ्यो नयेगु सिकं ल्वचं थस:पाना च्वनेगु हे बेस ।' थारा न्हुया जुजूं धाल ।

'मखु, महाराज । छित: मेगु हे वास: बी । बरु जङ्गले जडिबुटी का:वने म्ह्लेयोगुलिं जिं २ गू वर फ्वने छिके - जित: न्ह्याबले जि न्ह्या:थासं नगरं दुहाँ पिहाँ ज्वी दय्मा:, जित: योम्ह किसि योबले जि गय् दय्मा: ।'

'तथास्तु !' जुजु लय्ताया भिंन्याकु तिन्हुल । तुरुन्त ढोकापाले व किसिमाग: तय्त मा:गु उजं जुल ।

कन्हेखुनु जीवकं घ्योल्वाक छ्याना: वास:दय्कल । नुगले ध्यांग्रो था:सां ख्वाले न्ह्यू पह पिकया जुजुयात वास: बी हल । जुजुया ल्हाते वास: या पात्र ल:ल्हाया 'जि तुरुन्त वय्, महाराज !' धका त्व: तया पिहांवल । का:लंल्यूव:म्हथें भाटाभाटा वना: किसिगले वना : भद्रवति धा: म्ह किसिया म्हे तिन्हुया च्वंन । काचाकाचां किसि ब्वाकल । नगरं पिहां वय्वं थ:गु देश मगधपाखे स्वया: लिफ : हे मस्वसे कुईंच जुल ।

थुखे जुजूं वास: स्वल । घ्यो थें मच्वं । न्वतुन । घ्यो बास मव: । घ्यो मदुगु वास: धका धुक्क जुया: घुटुक्क वास: घुटकल । घ्योया सवा: नं. मव:। जुजु मक्ख जुल ।

भचा जाय्का प्वाथे बुलुक्क बुलुक्क वल । छ्थु निथु घ्यो धक्का नं. पिहा वल । तुरुन्त जुजूं चाय्कल कि वयात जीवकं धोका बिल -वास: धका घ्योल्वाक छ्याना: नकल । जुजुया चिमिसं चिमिसं पतिक तँ पिहाँ वल । न्ह्यने च्वंगु थ:गु खड्ग स्वाराक्क कया: फसय् चाहिकुकूं जुजु जंगे जुल- 'दुष्ट जीवकयात तुरुन्त न्ह्यने तय् हचि, वयागु छ्यों चण्डन्के मा:गु दु ।'

'महाराजाधिराज ! वैद्यला किसि गया पिहाँ वन ।' छम्हस्यां थुरु थुरु खाखां धाल ।

'सु मूर्ख धया किसि बिया छोइगु वयात ?'

'महाराजया हे आज्ञां नं. ।'

जुजुया छु धाय् छु धाय् जुल । न्ह्यनेसं च्वंम्ह काक धैम्ह दासयात तँ प्वंकल, 'काक ! का छ तुरुन्त वना: वैद्ययात लित हचि, नत्रसा ध्व खड्ग छंगु हे ग:पते द्यू वै ।'

काक वनेत कस्सेजुल । 'आसेनि !' जुजूं धाल, 'व वैद्यं साप धोंलाय् यो । वैगु ल्हातं छुं नय् मते खँला ।'

बिस्यूं वना च्वंम्ह जीवक वैद्य बिचे लँय् थ्यंका:छगू सिमा क्वय् च्वना थ:गु नसा ज्वलं नया च्वन । अवले हे वयात ल्यू व:म्ह जुजु प्रद्योतं छोया ह:म्ह काक हस्यांग फस्यांग याना थ्यंक : वल । वय्वं भासु हे मलंसे धाल वं, 'आचार्य ! जुजूं छित: तुरुन्त लिहाँ भासँ है ।'

जीवकं काक नाप मिखा ल्वाका: मुसुक्क न्हिल । जीवक न्ह्यूगु खना : काक सतर्क जुल । वं विचा: यात ध्व चंखम्ह वैद्य न्ह्यूगुया नं. छुं महत्त्व दै । जीवकं धाल, 'आसे, जि नया च्वनातिनि । छं नं भासु लँकि । ना, छं. नं. नय् योला ?'

'मयो मयो वैद्यतसें ब्यूगु छुं नं मयो ।' ल्हा भाय्याधां काकं काचाकाचां धाल । थ:त वैद्यं भंग:लाय् मफूगु खना: दंग जुल ।

जीवक मुसुक्क न्हिल । मखु पहयाना: थ:गु लुसी वास: थाकल । अले थ:म्हं अम्ब: नल, ल: त्वन, 'आहा' धका म्हुतु न्याय्कल । काकया ई चुकुचुक वन । जीवकं, 'छंत नं योला अम्ब:, ना ।' धका बिल । जीवकं नं अम्ब: हे नया च्वंगुलिं ध्व न:सां छुं ज्वी मखु ज्वीमा: धका: मती तया: काकं अम्ब: कया: नल । अम्बलय् वास: थाका ब्यूगु मचा: वं ।

तर, ध्व छु ? अम्ब : नया: भचा जाय्वं हे काक या ख्वा पाउँल, च्वनां च्वने मफुत । अनसं हे भारा जुल । बस् ! काक अनया अनसं हे जुल । छेरे जूगु दिके हे मफुत । प्वाथे दुहां वं सिकं अप्पो पिहाँ वल । म्हला सङा पतिचि थें सुकू चिन । साप ग्यात व । मिखाय् ख्वबितया कमजोर सलं न्यन वं, 'हे आचार्य ? छु आ: जि म्वाइ तिनिला ?'

जीवकं न्हिला धाल, 'काक ! छंत छुं ज्वी मखु । जुजुयात नं छुं ज्वी मखु । जुजु तँकालि जूगुलि हे जक जि बिस्यू वैगु ख: ।' थुलि धया : हथाय् मचासे थ:गु सामान क्वबिया किसि म्हे च्वना: जीवक मगधपाखे स्वया: वन । काकं 'हे, हे' बाहेक मेगु छुं हे धाय् मफुत, छाय्धा:सा जीवकयात ल्यू नं ला वने मफु वं ।

घ्यो न: गुलि जुजु प्रद्योतया ल्वय् लाल । ल्वय् ला:बले तँ नं क्वलन । अले जीवक खना: नं प्रसन्न जुल । प्रसन्न जुया: हे जुजू जीवकयात देशे न्याय् मदूगु दोसल्ला गा छ्पू कोसेली बिया छोत ।

आपाय्जिगु दोसल्ला गा न्यय् बहपिं सुं हे मखना व दोसल्ला जीवकं बुद्धयात ल: ल्हा:गु जुल ।

*साभार : 'आनन्दभूमि' वर्ष ९, अंक - ३ (असार २०३८)* ●

# बौद्ध दृष्टिकोणबाट हुने आलोचना एवम् विरोध

✍ डी.आर. शाक्य "ऋषि"

आलोचना, विरोधजस्ता शब्दहरूको विकास आज भोलिको दिनमा मात्र भएको होइन । यो शब्द मानव सभ्यताको विकासक्रमदेखि नै आफ्नै किमिसले हुँदै आएको देखिन्छ । हु न त यो शब्द प्रायजसो राजनीति, सामाजिक, आर्थिक र प्रशासनिक क्षेत्रमा मात्र प्रयोग हुने जस्तो लाग्छ । तर त्यसो नभइकन धार्मिक जस्तो पवित्र क्षेत्रमा पनि त्यत्तिकै प्रयोगमा आएको कुरा विभिन्न पौराणिक ग्रन्थहरूबाट थाहा पाउन सकिन्छ । तथापि हरेक क्षेत्रहरूमा नै यो शब्द त्यत्तिकै विद्यमान छ । तर यसको आफ्नै परम्परा छ । आफ्नै धर्म छ । यो शब्द मानिसको चेतनासँग गाँसिएको छ । त्यसैकारण यो शब्दको प्रयोग समय, स्थान र परिमाण अनुसार मानिसबाट हुने कुनै पनि प्रतिकूल काम कुराको लागि हुन्छ । जसबाट मानिसले गरिएका काम, कुरा सच्याउने, सुधार्ने मार्ग बन्छ । तर यसको परम्परा, धर्म र चेतनाबाट बाहिर गएर यसको परिमाणको मात्रा बढी गरेर कसैले कसैलाई अति नै निकृष्ट ढङ्गले आलोचना, विरोधजस्ता शब्द प्रयोग हुन गएमा 'द्वन्द्व' पनि सृजना हुनसक्छ । यस्तो घटना वैदिककालमा वैदिश ऋषिहरूबीचमा एक आपसमा नै द्वन्द्व सृजना भएको थियो । आजको भौतिक विज्ञानको युगमा राजनीतिक क्षेत्रमा यसको कुरै नगरौं ।

बौद्ध दृष्टिकोणअनुसार कुनै कसैमाथि आलोचना, विरोध गर्नुपरेमा व्यक्ति वा समाजसुधार हुने किमिसले कुनै प्रकारको मनमा द्वेषभाव नराखिकन मैत्रीपूर्ण तवरले सम्यक दृष्टियुक्त आलोचना, विरोध गर्नुपर्छ । यस्तो प्रकारको आलोचना, विरोध उर्वरायुक्त माटोमा मौसमि फसल रोपेर मनग्य उत्पादन भएजस्तै स्वयम् आलोचित व्यक्ति एवम् समूहहरूको मनमा सकारात्मक भावना जागृत भई सुधार गर्ने वा सच्याउने काममा अवश्य लाग्छ नै होला । बुद्धकालीन समयमा प्राय:जसो भिक्षुहरूको आचार, विचार ठीक नभएकाले बुद्धले ती भिक्षुहरूलाई सुधार्नको लागि आलोचना, विरोध एवम् गाली गर्नुभएको पनि थियो । त्यसमध्ये भिक्षु ओक्कलि सधैं बुद्धको अनुहारमात्र हेरी राख्ने भिक्षुलाई एक दिन बुद्धले ती भिक्षुलाई गाली गर्नुभयो । ए ! ओक्कली ! तिमी मूर्ख छौ । तिमीले मेरो शरीरमा के देखेका छौ ? तिमीले मेरो ज्ञानलाई नदेखिकन मेरो शरीरलाई मात्र देख्दैछौं, हेर्दैछौं । अब तिमी यहाँ नबस । त्यसपछि ओक्कली भिक्षु सुधार भयो । ज्ञानको चक्षु खोल्यो र उहाँ जीवन मुक्त भिक्षु पनि हुनुभयो । त्यसैगरी तत्कालीन बुद्ध शासनमा धेरै भिक्षुहरूलाई बुद्धले मैत्री, करुणायुक्त ढङ्गले आलोचना गर्नुपर्नेहरूलाई आलोचना/गाली गर्नुपर्नेलाई गाली गरेर तह लगाई ज्ञानी ध्यानी भिक्षु बनाउनुभयो । त्यसैगरीकन बुद्ध स्वयम्लाई पनि आफ्नै भिक्षुहरूबाट आलोचना भएको पनि थियो ।

## भिक्षुहरूबाट भएका आलोचना

बुद्धले सर्वप्रथम उपालिभने हजामलाई भिक्षु बनाएर माथिल्लो दर्जा दिएको (छिट्टै ज्ञान आर्जन गरिएको हिसाबमा) उहाँ भिक्षुलाई शाक्यकूलका भिक्षुले बन्दना गर्नुपर्ने भएकोले बुद्ध नभएको र भएकै बेलामा पनि बुद्धले

आलोचना खेप्नुपरेको थियो । त्यसैगरी शारिपुत्र र मोग्गलायनलाई भिक्षु बनाएर अग्ग (अग्र) श्रावक र महाश्रावक उपाधि दिएर जेठो भिक्षुहरूबाट मान्य गराएकोले पनि भिक्षुहरूबाट आलोचना भयो । त्यसैगरी बुद्ध गृहस्थी छँदा आफ्नै छोरा राहुललाई भिक्षु बनाई शिल सदाचार राम्रो भएको आधारमा कुनै समय-समयमा राहुल भिक्षुको उदाहरण दिंदा पनि बुद्धलाई आलोचना गरिन्छ । त्यस्तै प्रकार चण्डाल नीच जातिहरूलाई भिक्षु बनाएर पनि अरु माथिल्लो जातका भिक्षुहरू वा ज्येष्ठ भिक्षुहरूबाट आलोचना हुने गरिन्छ । अत: एवम् ती असन्तुष्टि भिक्षुले वास्तविक धर्म ज्ञान दर्शन बोध भएपछि मात्र आलोचना, विरोधजस्ता शब्द साम्य हुँदै गयो ।

## आफ्नै शाक्य कुल एवं बुबा शुद्धोधनबाट विरोध

सिद्धार्थका आफ्नै सद्दो मित्र कालुदायीको विशेष अनुरोध र बुबा शुद्धोधनको निमन्त्रणमा फागुन महिनातिर कपिलवस्तु आगमन हुनुभयो । त्यहाँ केही समय बस्नुभएको बेलामा कयौं शाक्य पुत्रहरूलाई प्रब्रज्जित (सानो तहको भिक्षु) बनाउनुभयो । हुँदाहुँदै आफ्नो भाई पर्ने नन्दकुमार, आफ्नै छोरा राहुलकुमार आदि भएभर युवक शाक्यहरू प्रबज्जित गर्नुभएकोले आफ्नै शाक्यकूल र आफ्नै बुबा शुद्धोधनबाट अत्यन्त दु:खित मनले बुद्धलाई आलोचना विरोध गर्नुभयो । अब उप्रान्तेदेखि कसैको आज्ञा अनुमति नभइकन भिक्षु बनाउन नहुने नियम बनाउनुभयो । बुद्धले ती नियमलाई स्वीकार्नुभयो । ती आलोचनाबाट सही भएका कुरारुमा सच्याउनुभयो ।

## अरू धर्म र समाजबाट भएका आलोचना एवम् विरोध !

बुद्धले कयौं मानिसलाई भिक्षु बनाउनुभयो । त्यसमध्ये तत्कालीन समयमा भएका अरु धर्मका पक्षधरहरू, धर्मका रक्षकहरूलाई पनि भिक्षु बनाउनुभएको थियो । सिद्धार्थले ६ वर्षसम्मको अनवरत रुपले खोज अनुसन्धान, त्याग-तपस्याबाट प्राप्त गरेका सम्यक सम्बोधि ज्ञानलाभ गर्नुभई मानिस सदाको लागि दु:खमुक्त हुने ज्ञान बुद्धत्व लाभ पछि उत्पन्न भएका अमूल्य ज्ञान बुद्धको संघवादी शासनबाट बहुजन हित, सुख र कल्याणको लागि सम्प्रेषण भएपछि कयौं मानिसहरू बुद्धको सरणमा आउनुभयो । वैदिक साधु सन्तमहन्तहरू, तीर्थङ्कहरू ब्राह्मण क्षेत्रीहरू, वैश्य, शुद्रहरू र जैन धर्मका उपासक उपासिकाहरू तीर्थङ्कहरू र कयौं भौतिकवादी दार्शनिकहरू समेत बुद्ध शासनमा समाविष्ट हुनुभयो । त्यसमध्ये कठोर स्वभावका उच्च जातिका धर्मका ठेकेदारहरू, धर्मान्धकारीहरू बुद्धका ती क्रियाकलापदेखि चूरचूर हुन्थे । जसले गर्दा बुद्धलाई सरापिने जथानाम गाली गर्ने विरोध गर्ने, आलोचना गर्ने गरिन्छ । त्यसमध्ये पनि जथानाम गाली गर्नेहरूमा अग्गिक भारद्वाज पनि थियो । जसले बुद्धलाई चण्डाल, मुन्दक भनेर गाली गरेको थियो पछि बुद्धले उसैमाथि प्रतिप्रश्न गरेर उसको क्रोधलाई शान्त गरेर ती व्यक्ति पछि बुद्धसँग क्षमा माग्नुभई बुद्धको सरणमा जानुभयो । त्यस्तै अर्को घटना पनि यस्तै प्रकारका छन् जुन अर्का भारद्वाज ब्राह्मणले पनि बुद्धलाई जथानाम गाली गर्ने, विरोध गर्ने, नचाहिंदो प्रकारको आलोचना गर्नेमा एक थिए ।

ती ब्राह्मणका बुहारी भने बुद्धमार्गी थिइन् । भारद्वाज ब्राह्मण चाहिं धर्मको नाममा अर्थात् अरुको पाप नाश गर्ने भनेर पशुपंछी बलि दिने होम यज्ञ गरेर कयौं अन्न अनाज्ञ नष्ट गर्ने जस्ता अन्ध एवम् मिथ्या धर्म गर्दै आएकाले बुहारीको चाला ती ब्राह्मण पटक्कै मन परेन । त्यसैकारण ती ब्राह्मणले छोरालाई भनेछ 'ए छोरा ! तिमी बुद्धलाई जथानाम गाली गरेर आऊ' भनेर बुद्धकहाँ पठाए । छोराले बाबुको आज्ञा बमोजिम बुद्धलाई जथानाम गाली गरेछ । तर धेरै समयसम्म गाली गरी रहे पनि बुद्धले कुनै प्रकारको प्रतिक्रिया नगरेपछि आफै थकित भएर चुप लाग्न बाध्य भयो । तब बुद्धले ती ब्राह्मण पुत्रलाई शान्त, मलिन स्वरले मैत्री, करुणा राख्नु भई सम्झाइ, बुझाई गरी धर्मको कुरा बोध गराएपछि अन्तत: ती ब्राहमाण पुत्र बुद्धको उपासक भई घर फर्के । भारद्वाज ब्राह्मणले छोराको चाला पनि बुहारीको चालाजस्तै देखेर

ती ब्राह्मण रीसले चुर भई छोरालाई गाली गरे 'ए तँ पनि बुद्धको कुरा सुनेर स्वास्नीको पक्षमा लागिस्' भनेर रीसको आगो दन्की बुद्धले मेरो छोरालाई पनि कुमन्त्र गरी माया जालमा फसायो' ब्राह्मण आफै बुद्धकहाँ गएर रीस पोख्न गएछ । ती ब्राह्मणले बुद्धलाई गधा, पशु, चण्डाल भनेर भएभरको गाली गरे त्यसमा पनि बुद्धले जवाफ नदिई मुसुमुसु हाँसेर मात्र बसेको देखेर ती ब्राह्मण थकित भई कायल भई 'त्यत्तिका गाली गर्दा पनि केही पनि भनेनन् । बुद्धको मन ढुङ्गाको हो कि ? भनेर सोध्दा बुद्धले भन्नुहुन्छ 'तिमीले दिएका गधा, पशु, चण्डालहरू उपहार शब्दजस्ता मैले स्वीकारेको नै छैन भने त्यो उपहार तिमीले नै फिर्ता लानुपर्ने होइन र' ? भनेपछि ती ब्राह्मण केही जवाफ दिन नसकि चुप लाग्न बाध्य भयो । अन्तमा, उसलाई पनि यथार्थ सत्य ज्ञान दर्शनको कुरा बुझाएपछि ती भारद्वाज ब्राह्मण पनि बुद्धको सरणमा जानुभयो ।

तत्कालीन बुद्धकालीन समयमा एकातिर बुद्धलाई जसले जस्तो सुकै प्रकारका आलोचना विरोध गरिए तापनि बुद्धको शालीनता विशुद्ध मैत्री, करुणाबाट साम्य हुँदै जान्छ । ती कठोर आलोचक एवम् विरोधी व्यक्ति पनि पछि बुद्ध धर्मको अनुगामी भएर जान्छ । यसले गर्दा केही बुद्धका धर्म प्रचारप्रति दाहा गर्ने/ईर्श्या गर्ने केही पनि परिवर्तन नहुने खालका (फलामे केराऊजस्ता व्यक्तिहरू) अरु धर्मका कट्टर पक्षपातीहरू धर्माधिकारीहरू बुद्धलाई आलोचना, वादविवाद गर्न नसकेर षड्यन्त्र गरेर नंग्याउने, मार्ने समेत योजना बनाएर समाजलाई झुक्याउनेहरू पनि त्यत्तिकै छन् । जसले बुद्ध बस्नुभएको श्रावस्ती विहारमा एउटी चिन्चामामविका वेश्या पठाउने गरिन्छ । धेरैपटक भयो । उपासक उपासिकाहरू उपदेशको लागि विहार जाने बेलामा विहारबाट निस्कने र उपासक उपासिकाहरू विहारबाट निस्कने बेलामा विहार छिर्ने गरी बुद्धसँग गोप्य प्रेम छ भनेर बहाना बाजी गर्दै आएको र ९ महिनाको हाराहारीमा पेट फुलाएर बुद्ध प्रमुख उपासक उपासिकाबीच प्रस्तुत भयो । त्यहाँ केही समयभित्र नै ती कन्याको पेटमा राखेर ल्याएको काठको वस्तु अकस्मात तल झरेछ । यसले गर्दा षड्यन्त्रकारीहरूको तथाकथित धर्मप्रति जनविश्वास कम हुँदै गयो । अर्को पनि त्यस्तै घटना थियो । एउटी सुन्दरी परिप्राजकको हत्या गरी बुद्ध बस्नुभएको विहारको बगैंचामा गाडि राखी बुद्धको सर्वत्र बद्नाम गर्न लगाएको थियो । तर त्यसमा पनि हप्ता दिन नबित्दैमा हत्याको योजनाकारहरू पट्टा लगाइयो र उक्त धर्मका ठेकेदारहरूको पर्दाफास भयो । जसले गर्दा बुद्ध धर्मप्रति जनविश्वास बढ्दै गयो । बुद्ध र बुद्ध धर्मप्रति घोर विरोध, आलोचना एवम् आक्रमण भए तापनि बुद्धले कसैमाथि द्वेष राख्नुभएन । उहाँले अरु इश्वर परमेश्वर देवी देवताले जस्तै संहार गरेन यही हो -बुद्ध धर्मको मैत्री, करुणा, विशुद्धताको उदाहरण ।

## बुद्धका शिक्षामा सहनशीलता धैर्यता : आजभोलिको लागि कति उपयुक्त छ

धर्म साँच्चै धारण गर्ने कुरा हो त्यसमध्ये सहनशीलता, धैर्यता पनि साँच्चै धार्मिक व्यक्तिमा हुनुपर्ने गुण हो । धर्मलाई कुनै ग्रन्थ, विहार, मन्दिर, गुम्बा, मस्जिद, चर्चमा मात्र सीमित गर्ने वस्तु होइन । त्यसैगरी विद्यालय, महाविद्यालयको प्रमाणपत्रमा मात्र देखाउने होइन । न यसको नाम हुन्छ । न यसको रुप हुन्छ । सतही रुपमा धर्मलाई धरातलमा देखाउने माध्यम मानिसको गुण हो । जसले जस्तोसुकै विरोध, आलोचना गाली आदिको सामनामा विचलित हुँदैन । क्रोध, द्वेष, बदला हुँदैन । आफूले पीडा भोगेर अरुलाई हित, कल्याण गर्ने स्वभाव पनि धर्म हो जसलाई बोधिसत्व चर्चा पनि भन्न सकिन्छ । त्यस्तै जुन विशेषता अहिलेको धार्मिक व्यक्तिहरूमा त्यति देख्न गाह्रो छ । कति धार्मिक व्यक्तिहरू पनि आफूलाई केही नराम्रो भएमा जथानाम आलोचना विरोध गर्न पछि पर्दैन - यो बौद्ध दृष्टिकोणको आलोचना होइन । बौद्ध दृष्टिकोणको आलोचनाले समाज र देशलाई हित गर्छ । यस्तै आलोचना र विरोधमा हामी लाग्न सकून् ।

●

प्रो. कृष्णलाल याकामी
९८४१६०४२६२

रोशन याकामी
९८४१०४३१९९
९८०३१४८३४३

# लक्ष्मी कपास उद्योग

ब्यासी, भक्तपुर औद्योगिक क्षेत्र
फोनः- ६६११८५६, ६६१६५३९

हामीकहाँ अर्डर बमोजिम सिरक, डस्ना, तकिया, चकटी र कपास सुपथ मूल्यमा पाइन्छ ।

पुरानो कपास तथा कपडा पनि पेलिन्छ ।



प्रो. पूर्ण बहादुर दुवाल
९८४१४९५८४८

प्रो. विजय कुमार दुवाल
९८४१३५८७४०
९८५१०६४६७५

# महाकाली ग्याँस सप्लायर्स

महाकाली स्थान ब्यासी–१० भक्तपुर
०१-६६१३६८१

यहाँ जापानिज चुला रेगुलेटर मिक्सर हट गण लाइटर भतीचुला आदि पाईन्छ ।साथै ग्याँस सम्बन्धि सम्पुर्ण सामाग्रीहरु, मर्मत फिटिङ्ग तथा होम डेलिभरीको पनि व्यवस्था छ ।



बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित बौद्ध साहित्यिक पत्रिका "अर्हत" निरन्तर प्रकाशनको निम्ति तथा सम्पूर्ण नेपाली जनताको सुस्वास्थ्यको कामना गर्दै नयाँ वर्ष २०७० को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

गुणस्तरीय ईटाको लागि हामीलाई सम्झनुहोस् ।

प्रो. प्रचण्ड कासुला      मो. ९८५१०४६०४३

# भी.आई.पी. ईटा उद्योग

झौखेल–७, भक्तपुर

# हार्दिक शुभकामना

नयाँ वर्ष २०७० को अवसरमा सम्पूर्ण अभिभावक, शिक्षक तथा विद्यार्थीहरुको सुख, शान्ति तथा सुस्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्दछ ।

यस उमाविमा नर्सरीदेखि कक्षा नौ सम्म धमाधम भर्ना लिइँदै छ । सीट सीमित छ । आजै भर्ना गर्नुहोस् ।

## बासु उच्च मा. वि./कलेज

कालीघाट, भक्तपुर